# भक्तपुर नगरपालिका

स्थानीय पाठ्यक्रम

२०७८

# खपको पहिचान

आधारभूत तह (कक्षा ५)

प्रस्तुतकर्ता
स्थानीय पाठ्यक्रम निर्माण कार्यदल :
योगेन्द्रमान बिजुक्छें
सिद्धिरत्न शाक्य
उद्धव सुजखु
रोशनराज तुइतुईं
राजेन्द्रप्रसाद श्रेष्ठ

प्रकाशक :
भक्तपुर नगरपालिका
नगर कार्यपालिका
भक्तपुर

© सर्वाधिकार प्रकाशकमा निहित

पहिलो संस्करण : वि.सं. २०७८
मुद्रण प्रति :

भक्तपुर नगरपालिका
BHAKTAPUR MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
ब्यासी, भक्तपुर
BYASI, BHAKTAPUR
बागमती प्रदेश, नेपाल

पत्र संख्या : ८०६
चलानी नं. : १०२३

मिति: २०८१।८।१६

# नगर प्रमुखको भनाइ

कक्षा ४ र ५ को पाठ्यक्रम निर्माणसँगै स्थानीय पाठ्यक्रम निर्माण कार्यदलको एउटा चरणको काम पूरा भएको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ कार्यान्वयनमा आएसँगै भक्तपुर नगरपालिकाले स्थानीय पाठ्यक्रम निर्माणको तयारी गरेको हो। २०७४ माघ २३ गते बसेको नगर कार्यपालिकाको बैठकले योगेन्द्रमान बिजुक्छेँको संयोजकत्त्वमा पाँच सदस्यीय स्थानीय पाठ्यक्रम निर्माण कार्यदल गठन गरेको हो। कार्यदलले २०७५ सालदेखि हरेक वर्ष दुई दुईवटा कक्षाको निम्ति पाठ्यक्रम तयार गर्दै आएको छ।

भक्तपुर नगरभित्र सामुदायिक र संस्थागत गरी कूल ९२ वटा विद्यालयहरू छन्। कक्षा १ देखि ८ सम्म पढ्ने विद्यार्थीहरूको संख्या हाल १८,७७७ जना छन्। ती सबै विद्यार्थीहरूलाई भक्तपुर नगरपालिका भित्रका कला-संस्कृति र सम्पदाहरूको ऐतिहासिक र साँस्कृतिक महत्त्वबारे जानकारी दिनु हामीले आवश्यक ठानेका छौं। हाम्रा कयौं महत्त्वपूर्ण कला-संस्कृति र सम्पदाहरू लोप भइसके भने कैयौं लोपोन्मुख अवस्थामा छन्। जनचेतनाको कमी र ऐतिहासिक सम्पदाहरूको महत्त्व नबुझ्दा त्यतिबेला त्यसको संरक्षणमा ध्यान दिइएन। भक्तपुरमा अवस्थित ऐतिहासिक र साँस्कृतिक महत्त्वका सम्पदाहरू केवल भक्तपुरबासीहरूको मात्र नभइ देशकै सम्पदा हुन्। हाम्रा कतिपय सम्पदाहरू विश्व सम्पदामा समेत सूचिकृत छन्। ती सम्पदाहरूको संरक्षण र सम्बर्द्धन गर्ने जिम्मेवारी अब नयाँ पुस्ताको काँधमा छ।

कार्यदलले भक्तपुरको इतिहास, भूगोल, राजनीति, संस्कृति, संस्कार, सीप, प्रविधि, खेलकुद, पर्यटनलगायतका विषयमा केन्द्रित भएर पाठ्यक्रम तयार गरेको छ। ती सबै विषयहरू विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई अध्यापन गरिँदै आएको छ।

भक्तपुर नगरपालिकाले दिएको जिम्मेवारी स्थानीय पाठ्यक्रम निर्माण कार्यदलका साथीहरूले इमानदारीपूर्वक पूरा गर्नुभयो। उहाँहरूले नगरपालिकाबाट कुनै आर्थिक सुविधा लिनु भएन। आफ्नै व्यक्तिगत खर्चमा कयौं बुद्धिजीवी, विज्ञहरू कहाँ धाउनु भयो, निजी खर्चमै सबै कामहरू गर्नुभयो र निरन्तर दत्तचित्त भएर लाग्नु भयो। उहाँहरूको लगनशीलता, मिहिनेत र परिश्रमको जतिसुकै धन्यवाद दिँदा पनि कमी हुन्छ। भक्तपुर आजको स्थितिमा आइपुग्नमा कार्यदलका सदस्यहरु उद्धव सुजखु, रोशनराज तुईतुई, राजेन्द्र प्रसाद श्रेष्ठ, सिद्धिरत्न शाक्य जस्ता थुप्रै बौद्धिक व्यक्तित्वहरूको हात छ। उहाँहरूको सेवाको यस भावनालाई भक्तपुर नगरपालिका उच्च सम्मान गर्दै आगामी दिनहरूमा यस्तै सहयोगको अपेक्षा गर्दछौं। धन्यवाद।

२०८१।८।१३

सुनिल प्रजापति
प्रमुख

# हाम्रो भनाइ

हामी भक्तपुर नगरपालिकाको स्थानीय पाठ्यक्रम निर्माण अभियानको पाचौं बर्ष र कार्यान्वयनको चौथौं बर्षमा आइपुगेका छौं । यस बर्ष २०७८ सालमा कक्षा ४ र ५ को 'ख्वप पहिचान' तपाईहरुको हातमा पुऱ्याउने कार्यले साकार रुप लिएको छ। संसारको हरेक देश र क्षेत्रलाई नराम्ररी गाँजेको कोभिडको महामारीले यस पाठ्यक्रम निमार्णको कार्यलाई पनि नराम्ररी थलापारेको थियो । २०७४ माघ २३ मा गठित कार्यदलको कार्यहरु जुन गति र लयमा अगाडि बढिरहेको थियो, कोभिड महामारीकै कारण त्यसमा ब्रेक लाग्नपुग्यो । एकातिर, बन्दाबन्दीको कारणले भौतिक रुपमासँगै बसेर गम्भिर रुपमा छलफल गरी कार्यसम्पादन गर्न सकस र अर्कोतिर भौतिक रुपमा विद्यालयहरु सञ्चालन हुन नपाउँदा तयार भएको पाठ्यक्रमलाई कार्यान्वयन गर्न पनि जटिल । यद्यपि, हामी ४ र ५ कक्षाको पाठ्यक्रम तयार गरी प्रस्तुत गर्न सफल भयौं ।

कक्षा, १, २, ३, ६, ७ र ८ कक्षाहरुमा एघारै एकाईमा समावेश हुन बाँकि बिषयवस्तुहरुलाई ४ र ५ मा समावेश गरिएको छ । सामान्यतया धेरैले चासो नराख्ने तर महत्त्वपूर्ण तथ्य जस्तै भक्तपुर र सिम्रौनगढको ऐतिहासिक, धार्मिक, सांस्कृतिक, आर्थिक, राजनैतिक र बौद्धिक सम्बन्ध, मूर्त सम्पदामध्ये फल्चा (पाटी), बहा र मस्जिद, बौद्धमार्गीहरुमा दशैंको अथवा मोहनीको परम्परा, बयोबृद्धलाई गरिने सन्मान जंको अथवा भीम रथारोहणको संस्कार, श्री पञ्चमी र सरस्वती पूजा जस्ता परम्परा र संस्कारहरुलाई समावेश गरिएको छ । तर यी नेवार संस्कृतिको महत्त्वपूर्ण परम्परा र संस्कारमा भएका अन्धविश्वास र कूरीतिलाई हताउने र त्यसमा अन्तरनिर्हित बैज्ञानिक तथ्यलाई उजागर गर्ने समेत प्रयास गरिएकोछ ।

बिना पाठ्यपुस्तक पठनपाठन गर्नुपर्दा कक्षाकोठामा शिक्षकले भोग्नु पर्ने समस्यालाई सहजिकरण गर्न यस पाठ्यक्रमको कार्यान्वयनको साथसाथै 'ख्वप पहिचान - ३' सन्दर्भसामाग्रीको पनि तयारी भई छिटै प्रकाशित हुने सर्हष जानकारी गराउँदछौं ।

यस ४ र ५ कक्षाको पाठ्यक्रम निमार्ण कार्यान्वयनको साथसाथै स्थानीय निकायले कक्षा १ देखि ८ सम्मका कक्षाहरुमा स्थानीय पाठ्यक्रम निमार्ण गरी पठनपाठन गराउन सकिने राष्ट्रिय पाठ्यक्रमको प्रारुप र ढाँचामा भएको ब्यबस्था बमोजिम भक्तपुर नगरपालिकामा आधारभूत तहमा स्थानीय पाठ्यक्रमको पठनपाठनले एउटा चरण पार गरेको छ । नि:सन्देह भक्तपुर नगरपालिका स्थानीय पाठ्यक्रम निमार्ण गरी कार्यान्वयन गर्ने नेपालको पहिलो नगरपालिका हुनसकेकोमा हामी सबै भक्तपुरबासीको लागि गर्वको बिषय बनेको छ । अझ यो भन्दा सुखद कुरा भनेको नेपालको अन्य धेरै स्थानीय निकायहरुलाई आफ्नो स्थानीय बिशेषता प्रति सचेत र गर्व गर्न सिकाएकोछ । त्यस्तै, नेपाल जस्तो भौगोलिक, सांस्कृतिक, सामाजिक र धार्मिक रुपले विविधता रहेको देशमा राष्ट्रिय पाठ्यक्रमले समेत्न नसकेका र केन्द्रीय राज्यबाट उपेक्षित भएका अल्याख स्थानीय मूर्त र अमूर्त सम्पदा र परम्परा तथा संस्कारहरुको पहिचान र उजागर हुने कार्यमा देशभर निमार्ण हुँदै गरेका स्थानीय पाठ्यक्रमले टेवा पुऱ्याएको छ ।

भक्तपुर नगरपालिकाको स्थानीय पाठ्यक्रम निमार्णको यस उदाहरणीय र पायोनियरिगि कार्यमा यस कार्यदललाई यहाँका शिक्षक, प्रधानाध्यापक, विद्यालय परिवार, बुद्धिजीवि, पत्रकार, लेखक, अभिभावक, जनप्रतिनिधि, सांस्कृतिकर्मीहरु, सम्पदाविद्हरु, राजनीतज्ञहरु तथा अन्य सामाजिक अभियन्ता र सरोकारवालाहरुले पुऱ्याउनुभएको सहयोग र सदभावको जति सह्राना गरेपनि कमै हुन्छ ।

विगत चार बर्षको अवधिमा कक्षा १ देखि ८ सम्मको पाठ्यक्रम निमार्णको महत्त्वपूर्ण चरण पार भइसकेको सन्दर्भमा पाठ्यक्रम निर्माण र त्यसमा सुधार, परिमार्जन र परिर्वतनको विश्वब्यापी मान्यता अनुसार आगामी दिनहरुमा यी पाठ्यक्रमहरुमा हुने परिमार्जन तथा पुनर्लेखन र परिवर्तनमा पनि सबै सरोकारवालाहरुको सहयोग र सद्भावको कार्यदल अपेक्षा गर्दछ ।

स्थानीय पाठ्यक्रम निमार्ण कार्यदल
भक्तपुर नगरपालिका

# विषयसूची


| | |
|---|---|
| १. ख्वप को चिनारी | १ |
| २. ख्व्वपको इतिहास । | २ |
| ३. क) स्थानीय विभिन्न जातजाति, व्यक्तित्त्व र जनसङ्ख्या | ३ |
| ख) स्थानीय विशिष्ट व्यक्तित्त्वहरू | ३ |
| ४. स्थानीय विविध संस्कृति : | ४ |
| क) गुँलाँ पर्व | ४ |
| ख) दशैं (मोहनी नखः) | ५ |
| ५) दशैंमा गरिने मुख्य मुख्य पूजाआजा कार्यक्रमको व्याख्या गर्न | ७ |
| ५ प्रचलित स्थानीय संस्कारहरू | ८ |
| (क) दशैं | ८ |
| (ख) येन्या पुर्णिमा | ९ |
| ६. स्थानीय बोलीचाली र लिपि | १० |
| ग) प्रचलित लिपि र रञ्जना लिपि | ११ |
| ७. स्थानीय कला र सम्पदा | १३ |
| क) स्थानीय मन्दिरहरू | १३ |
| ख) स्थानीय बहा | १३ |
| ग) स्थानीय घाटहरू | १४ |
| घ) स्थानीय नाच | १५ |
| ङ) स्थानीय दरबार | १६ |
| च) स्थानीय फल्चा (पाटी) | १७ |
| ८. स्थानीय व्यवसाय सीप र प्रविधि | १८ |
| पेशा | १८ |
| शहरी हरियाली व्यवस्थापन | १८ |
| बुनाइ | १९ |
| खेती | १९ |
| खाद्य भण्डार | २१ |
| सहकारी संस्था | २१ |
| छ्वाली कला | २२ |
| शुभकामना कार्ड | २२ |
| नेवारी खाद्य परिकार | २३ |
| ९. स्थानीय स्वास्थ्य प्रवर्द्धन विधि | २४ |
| १०. स्थानीय खेल | २५ |
| ११. स्थानीय पर्यटन | २६ |

# स्थानीय पाठ्यक्रम

पाठ्यक्रम शीर्षक : ख्वपको पहिचान | पूर्णाङ्क : १००
पाठ्यक्रमको प्रकृति : सैद्धान्तिक र प्रयोगात्मक | तह : आधारभूत शिक्षा तह
प्रतिहप्ता पाठ्यघण्टी : ४ | जम्मा पाठ्यघण्टी : १२८

## पाठ्यक्रम परिचय

स्थानीय सरोकारवालाको आवश्यकता, चाहना र स्थानीय महानुभावहरूको राय सुझावअनुसार स्थानीय विषयवस्तुहरू समावेशगरी स्थानीय पाठ्यक्रमको निर्माण गरिएको छ । यस पाठ्यक्रमबाट भक्तपुर नगरका कक्षा १ देखि ८ सम्मका विद्यार्थीहरूलाई आफ्नो पुस्तौंदेखि बस्दै आएको स्थानको विभिन्न पक्षहरूको ज्ञान, सीप र धारणा दिने हिसाबले 'ख्वपको पहिचान' नामकरण गरी तयार पारिएको छ । ख्वपको पहिचान पूर्ण रूपमा हुन सकोस भन्ने लक्ष्य लिई यस अन्तर्गत एकाइका विभिन्न क्षेत्रहरू: ख्वपको नामकरण र भू-बनौट, ख्वपको इतिहास, स्थानीय विभिन्न जातजाति, व्यक्तित्त्व र जनसङ्ख्या, स्थानीय विविध संस्कृति, प्रचलित स्थानीय संस्कारहरू, स्थानीय बोलीचाली र लिपि, स्थानीय कला र सम्पदा, स्थानीय व्यवसाय, सीप र प्रविधि र पर्यटन समावेश गरी स्थानीय पाठ्यक्रम निर्माण गरिएको छ । प्रत्येक क्षेत्रमा समावेश गरीएका पाठ शीर्षकहरूलाई कक्षा १ बाट कक्षा ८ सम्म आठ शैक्षिक वर्षभित्र शिक्षण सिकाई गराई आफ्नो स्थानमा रहेको विविध पक्षहरूको राम्रो पहिचान गराउने प्रयास गरिएको छ । यसमा परम्परागत शिक्षण विधि भन्दा बालकेन्द्रित शिक्षण सिकाई क्रियाकलापमा जोड दिई सैद्धान्तिक पक्षमा भन्दा व्यावहारिक पक्षलाई बढी जोड दिने प्रयास गरिएको छ ।

## साधारण उद्देश्य

यस पाठ्यक्रममा उल्लिखित सबै क्षेत्रहरूको शिक्षण सिकाई पछि विद्यार्थीहरूमा निम्नलिखित कुराहरू( स्थानीय पक्षहरू)मा सक्षम हुनेछन् :

१) ख्वपको नामकरण र भू-बनौटबारे व्याख्या गर्न ।
२) ख्वपको इतिहासको वर्णन गर्न ।
३) स्थानीय विभिन्न जातजाति, व्यक्तित्त्व र जनसङ्ख्या प्रस्तुत गर्न ।
४) स्थानीय प्रचलित विविध संस्कृतिको वर्णन गर्न ।
५) प्रचलित स्थानीय संस्कारहरूको महत्त्व बताउन ।
६) प्रचलित विभिन्न स्थानीय बोलीचाली प्रयोग गर्न र प्रचलित लिपि र रञ्जना लिपि चिन्न
७) स्थानीय कला र सम्पदा पहिचान गर्न ।
८) स्थानीय व्यवसाय, सीप र प्रविधिको पहिचान गर्न ।
९) स्थानीय परम्परागत उपचार विधि प्रयोगमा ल्याउन ।
१०) परम्परागत स्थानीय खेलहरू खेल्न ।
११) पर्यटन व्यवसायलाई विकास गर्न आवश्यक आधारहरू तयार गर्न ।

शीर्षक: ख्वपको पहिचान | पूर्णाङ्क: १००
कक्षा : ५ | प्रतिहप्ता पिरियड : ४
पाठ्यांशको प्रकृति : सैद्धान्तिक र प्रयोगात्मक | जम्मा पाठ्य घण्टी : १२८

परिचय

प्रस्तुत पाठ्यक्रम आधारभूत तह (कक्षा १ देखि ८) मा कक्षा ५ को लागि तयार गरिएको स्थानीय पाठ्यक्रमको एक अंश हो । यस पाठ्यक्रममा नेपाल सरकार पाठ्यक्रम विकास केन्द्रबाट तयार गरिएको पाठ्यक्रमले नसमेटेका स्थानीय विषयवस्तुहरू समावेश गरिएका छन् । यस स्थानीय पाठ्यक्रममा रहेका विषयवस्तुहरूले यहाँका स्थानीय इतिहास, कला संस्कृति, सम्पदा रहनसहन आदिको जानकारीका साथै रैथाने विभिन्न पक्षहरूको बारेमा ज्ञान, सीप र धारणाको विकास गराई आफू ख्वपवासी भएकोमा गर्व भएको महसुस गराउँदछ ।

यस पाठ्यक्रममा ख्वपको भौगोलिक र भौगर्भिक अवस्था, नेपालमण्डललाई निरन्तर वाह्य आक्रमण हुनुको कारण, स्थानीय संस्कृतिहरू, र संस्कारहरू साथै स्थानीय बहा बही  समावेश गरिएका छन् । त्यसैगरी स्थानीय सीप, प्रविधि र व्यवसायहरू, विशिष्ट व्यक्तित्वहरू, स्थानीय मन्दिर तथा नाचहरू, स्थानीय स्वास्थ्य प्रवर्द्धन विधि, रैथाने खेलहरू तथा पर्यटनजस्ता विषयवस्तुहरू समेटिएका छन् ।  यस पाठ्यक्रमको मुख्य विशेषता भन्नु नै विषयवस्तुहरूलाई प्रयोगात्मक रूपमा व्यावहारिक पक्षलाई ध्यान दिनु हो । यस पाठ्यक्रम  अध्यापन गराउँदा विद्यार्थी केन्द्रित भई अवलोकन, परियोजना कार्य दिने तथा विद्यार्थीहरूले आफै अनुभव गर्ने, र संलग्न हुने क्रियाकलाप सञ्चालन गर्दा उपयुक्त हुनेछ । यसले विषयवस्तुभन्दा अवधारणालाई जोड दिएको छ । यस पाठ्यक्रमले विद्यार्थीहरूमा स्थानीय विभिन्न परम्परागत शैलीलाई विज्ञानसँग जोड्ने र प्रकृति समाज अनुकूल परिवर्तन गर्न सहयोग मिल्नेछ । यस पाठ्यक्रमको कक्षागत सक्षमता निम्नअनुसार रहेको छ ।

कक्षागत सक्षमता

- ख्वप दे वरिपरि अवस्थित अन्य नेवार बस्तीहरूको भौगोलिक अवस्था बताउन ।
- मध्यकालमा नेपालमण्डलको राजधानीको रूपमा विकसित ख्वप देको बौद्धिक, शैक्षिक तथा व्यापारिक केन्द्रको रूपमा विकास भएको बताउन ।
- ख्वप देमा रहेका रैथाने नेवार जातिका थरहरूको शाब्दिक अर्थ बताउन ।
- ख्वप देका विभिन्न क्षेत्रमा योगदान गरेका विशिष्ट व्यक्तित्वहरूको परिचय दिन ।
- गुँला पर्व बारेमा विस्तृत विवरण तयार गर्न ।
- ख्वपमा मनाउने मोहनी नखः अवधिभर सञ्चालन हुने पुजाआजा र क्रियाकलापबारे वर्णन गर्न ।
- दशैंलाई बौद्ध धर्मालम्बीहरूले शस्त्र अस्त्र परित्याग दिवसको रूपमा मनाइने तथ्य वर्णन गर्न ।
- रैथाने भाषामा मानिसहरूको बानी, व्यवहार, स्वभाव, शारीरिक र मानसिक अवस्था जनाउने शब्दहरूको अर्थ बताउन ।
- स्थानीय नेपाल भाषाबाट पत्रपत्रिका बारेमा कुराकानी गर्न ।
- रञ्जना लिपिको विशेषता बताउन र लिपि लेख्ने कलमको निर्माण गर्न ।
- स्थानीय मन्दिर, बहा र तिनको धार्मिक, सांस्कृतिक तथा सामाजिक पक्षहरूको वर्णन गर्न ।
- स्थानीय घाटहरूको परिचय दिन ।
- स्थानीय नाचहरू, दरबारहरूको परिचय दिन ।
- फल्चाको परिचय दिई यसको महत्त्व बताउन ।
- परम्परागत पेशा ज्यालु वानेगु, पुरोहित कार्य, ज्योतिष कार्यको परिचय, फाइदा तथा यसको आधुनिकताबारेमा बताउन ।
- शहरी हरियाली व्यवस्थापनको परिचय दिन र यसका फाइदाहरू बताउन ।
- तानबाट कपडा बुन्ने विधि र गलैंचा तयार गर्ने विधि बताउन ।
- च्याउ खेतीको परिचय दिई यसका फाइदाहरू उल्लेख गर्न ।
- मू स्वं र धनिचा स्वं खेती गर्ने तरिका प्रस्तुत गर्न ।
- परम्परागत प्रविधिबाट खानेकुराहरू भण्डारण गर्ने प्रविधिको परिचय दिन ।
- सहकारी संस्थाको परिचय दिई यसका फाइदाहरू बताउन ।
- छ्वालीबाट चित्र बनाउन तथा शुभकामना कार्ड बनाउन ।
- सम्हेबजी, सतुंग्वारा, साख्ला र तीलको लड्डु बनाउने विधि बताउन ।
- विशिष्ट अवस्थामा प्रयोग हुने जडीबुटीको सूची बनाउन ।
- प्राकृतिक र आयुर्वेदिक उपचार पद्धतिको परिचय दिन ।
- ध्यान र योगको सामान्य प्रयोग गर्न ।
- स्थानीय खेलहरू खुत्यां कासा र स्वकुंधुं खेल्न ।
- शहरी संस्कृतिको बारेमा बताउन ।
- पर्यटकसँग आर्थिक, सामाजिक र सांस्कृतिक सम्बन्ध देखाउन ।

| क्षेत्र | विशिष्ट उद्देश्य | विषय विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| १. ख्वप को चिनारी | १. 'ख्वप दे' बाहेक भक्तपुर जिल्लाका अन्य नेवार बस्तीहरूको बारेमा बताउन । | ● भक्तपुर जिल्लाको ख्वप दे बाहेक मध्यकालीन समयदेखि यसको वरिपरि अन्य नेवार शहरहरूको विकास भइसकेको र उनीहरूको बीचको अन्योन्याश्रित सम्बन्धसमेत भएको । | ● सिङ्गो नेपालमण्डलको राजधानी भइसकेको ख्वपदेको वरिपरि चारै दिशामा अन्य नेवार बस्ती र शहरहरूको मध्यकालमै भइसकेको जानकारी गराउँदै ख्वपलाई केन्द्र बनाई वरिपरिको बस्ती र शहर अङ्कित नक्सा देखाउने ।<br>● गुगल नक्साको सहयोगले यस्ता बस्तीहरू देखाउने ।<br>● ख्वपको उत्तर र पश्चिमतिर बोडे, नगदेश, थिमी, चपाचो साँखु , पूर्वमा नाला, साँगा, बनेपा, धुलिखेल दक्षिण पूर्वमा पनौति वस्तीहरू रहेको तथा त्यसभन्दा पूर्वमा दोलखासम्म नेवार बस्ती र शहरको विकास भइसकेको तथ्य चर्चा गर्ने ।<br>● यी सबै नेवार शहर र बस्तीहरू समथर भ-ूसतह भएको स्थानमै अवस्थित भएको र त्यहाँ बाटो घाटो, ढल-निकास तथा खानेपानीको बन्दोबस्त राम्रो भएको चर्चा गर्ने । | ● भक्तपुर जिल्लाको नक्सा<br>● सकेसम्म नेवार बस्ती भएको नक्सा<br>● नेवार बस्ती भएको विभिन्न स्थानको फोटो | ● समथर भू-भागमा बस्ती हुनुको कारण उल्लेख गर्नुहोस् । | ४ |
| | २. 'ख्वप दे' वरिपरि अवस्थित अन्य शहर तथा नेवार बस्तीहरूको भौगोलिक र भौगर्भिक अवस्था बताउन । | ● 'ख्वप दे' र यसको पश्चिममा अवस्थित शहरहरू उपत्यकाको खाल्डो मै अवस्थित भएको तर पूर्वका बस्ती तथा शहरहरू भौगोलिक रूपमा अलि उचाइमा तर समथर भू- सतहमै अवस्थित भएको । | ● नेपालको हावापानीको किसिम र विशेषताबारे चर्चा गर्दै यहाँ उपत्यकामा उष्ण र समशितोष्ण खालको हावापानी पाइने चर्चा गर्ने ।<br>● यहाँ पानी नपर्ने सुखा, पानी पर्ने वर्षा (बरखा), पानी नपर्ने सुखा र जाडो, धेरै गर्मी पनि नहुने जाडो पनि धेरै नहुने रमणीय खालको हावापानी र मौसम हुने चर्चा गर्ने ।<br>● पूर्वका नेवार बस्ती र शहरहरू उचाइमा परेकाले तापक्रम केही कम हुने भएकोले ख्वप देभन्दा शीतल हुने चर्चा गर्ने । | ● मौसम अनुसारको नेपालको नक्सा<br>● विभिन्न हावापानी अनुसारका फोटोहरू | ● 'ख्वप दे' बाहेक भक्तपुर जिल्लाका अन्य कुनै तीन बस्तीको नाम बताउनुहोस् । | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २. ख्वपको इतिहास । | ३. ख्वप दे सिङ्गो नेपालमण्डलको राजधानीको रूपमा स्थापित भएको बताउन ।<br><br>४ .ख्वप दे मध्यकालमा बौद्धिक, शैक्षिक तथा व्यापारिक केन्द्रको रूपमा विकास भएको बताउन । | • सुरक्षाको दृष्टिकोणले काठमाडौं र पाटनभन्दा भक्तपुर (ख्वप दे) सुरक्षित भएकोले राजा आनन्ददेवले पूर्वमध्यकालमै यसलाई सिङ्गो नेपालमण्डलको राजधानीको रूपमा स्थापित गरेको ।<br>• ख्वप दे नेपालमण्डलको राजधानी हुँदा राजनैतिक केन्द्रमात्र नभई विद्वान्हरूको आश्रयस्थल रूपमा विकास हुँदै गरेको र साथै वाह्य व्यापारको पनि केन्द्रको रूपमा स्थापित भएको । | • काठमाण्डौ र पाटनभन्दा भक्तपुर (ख्वप दे) सुरक्षित भएकोले राजा आनन्ददेवले (विसं १२०३) भक्तपुरलाई राजधानी बनाई त्रिपुर दरबारबाट शासन चलाएको चर्चा गर्ने ।<br>• भक्तपुर राजधानीको रूपमा स्थापित हुँदा नेपालमण्डलको सिमाना पूर्वमा दोलखा, उत्तरपश्चिममा नुवाकोट, दक्षिण पश्चिममा चितलाङसम्म फैलिएको तथ्य चर्चा गर्ने ।<br>• त्यसबेला, नेपालमण्डलबाट पश्चिममा खसमल्ल राज्य र दक्षिणपूर्वमा डोय वा सिम्रौनगढ यसलाई चुनौति दिनसक्ने शक्तिशाली राज्यहरू भएको र यी राज्यहरूले नेपाल भनेको भक्तपुर केन्द्रित नेपालमण्डललाई नै आधिकारिक नेपाल मान्ने परम्परा रहेको चर्चा गर्ने ।<br>• दिल्लीका सुल्तान गयासुद्दिन तुगलकको मुसलमानी आक्रमणपश्चात् उत्तर भारतको विख्यात शिक्षाको केन्द्र नालान्दा र विक्रमाशिलाका विद्वान्हरूको आश्रयस्थल नेपालको तराई (हालको बारा जिल्ला) तिरहुत राज्य वा सिम्रौनगढ हुन पुगेको तथ्यबारे छलफल गर्ने ।<br>• विसं १३८१ मा सिम्रोनगढ पनि मुसलमानी आक्रमणबाट आक्रान्त भएपछि त्यसबाट बच्न धेरै बौद्ध विद्वान्हरू अमूल्य ग्रन्थहरूसहित नेपाल भित्रिएको र उनीहरूलाई ख्वपमा स-सम्मान आतिथ्य प्रदान गरी आश्रयको बन्दोबस्त गरेका तथ्यहरूको चर्चा गर्ने ।<br>• ती ग्रन्थहरूको व्यवस्थित भण्डारण र अध्ययनको वातावरण मिलाउन एउटा पुस्तकालयको समेत व्यवस्था गरेको, हालको साकोथा अथवा सफुकुथी नै त्यस पुस्तकालय भएको बारे छलफल गर्ने ।<br>• नेपालको इतिहासको स्रोत मानिने एकमात्र लिखित अभिलेख गोपालराज वंशावली राजा जयस्थिति मल्लको पहलमै भक्तपुर मै लेखिएको चर्चा गर्ने । | • उपत्यका र आसपास नेवार बस्ती भएका क्षेत्रहरू उल्लिखित नक्सा<br>• फोटोहरू | • १२ औं नेपालमण्डलको राजधानीको रूपमा विकास गरिनुका कारणहरू उल्लेख गर्नुहोस् ।<br>• मध्यकालमा ख्वपको शैक्षिक अवस्थाको वर्णन गर्नुहोस् । | ८ |

| क्षेत्र | विशिष्ट उद्देश्य | विषय विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| ३. क) स्थानीय विभिन्न जातजाति, व्यक्तित्व र जनसङ्ख्या | क) ख्वपमा पाइने रैथाने नेवार जातिका थरहरूको शाब्दिक अर्थ बताउन | तल्लो कक्षामा अध्ययन गरिसकेका रैथाने नेवार जातिका थरहरू र अन्य केही थरहरू जस्तै तुल्सीवाख्यो, सिजख्वः, ध्वान्जु, तजले आदिको शाब्दिक अर्थहरू निश्चित ढाँचामा प्रस्तुत गर्न । | • ख्वपमा नेवार जातिको बाहुल्यता भए पनि तिनीहरूका विभिन्न थरहरू भएको बारे अघिल्लो कक्षाको पुनरावलोकन गराउने । ती थरहरू के आधारमा रहन गयो भन्नेबारे कक्षामा छलफल गर्न लगाउने । यो कक्षामा ती विभिन्न रैथाने नेवारहरूको थरहरूको अर्थ के होला भनी छलफल गर्न लगाउने ।<br>• पहिला अध्ययन गरिसकेका र अरू विद्यार्थीहरूले थाहा पाएका त्यस्ता थरहरू के के छन् त ? भनी सोध्दै बोर्डमा टिप्दै जाने । विद्यार्थीहरूको समूह बनाई ती थरहरू फ्लास कार्डमा लेखी बाँड्ने र छलफल गर्न लगाउने । छलफलमा ती थरहरूको शाब्दिक अर्थहरू खोतल्न लगाउने । अर्थ्याउन नसकेका थरहरू बारे समूहरूलाई सम्बन्धित समुदायमा गई, बुद्धिजीवी, जेष्ठ नागरिक, घरमुलीसँग साक्षात्कार गरी भोलिपल्ट कक्षामा समूहगत प्रस्तुति दिन लगाउने । | • ख्वपका रैथाने जातिका थरहरूको चार्ट<br>• थरहरूलाई अर्थ्याउने गरी तयार पारिएका केही तालिकाहरू<br>• विभिन्न पेशा व्यवसायमा लागेकाहरूको भिडियो क्लिप्सहरू | • तपाईंको कुनै दुईजना साथीहरूको थरबारे बताउनुहोस् । | ६ |
| ख) स्थानीय विशिष्ट व्यक्तित्वहरू | ख) विभिन्न क्षेत्रमा योगदान गरेका र विशिष्ट व्यक्तित्वहरूको परिचय दिन । | • अखण्डप्रसाद धौभडेल<br>• पूर्णबहादुर बैद्य<br>• जानकी कायष्ठ<br>• माधव शङ्कर जोशी<br>उहाँहरूको जीवनीको महत्त्वपूर्ण कुराहरूको वर्णन | • अघिल्लो कक्षामा वर्णन गरिएका विशिष्ट व्यक्तित्वहरूबारे पुनरावलोकन गराउने ।<br>• विषय विस्तृतीकरणमा उल्लिखित व्यक्तिहरूको तस्वीरहरू एक पछि अर्को दखाउँदै ती व्यक्तिहरूबारे के कस्तो जानकारी पाएका छौ भनी सोधपुछ गर्ने । आएका उत्तरहरूलाई बोर्डमा टिप्दै जाने । उनीहरूको जीवनीमा अरू थप बुँदा कोर्ने ।<br>• दिनमा एकजना व्यक्तिको विशिष्टताबारे सामूहिक छलफल गर्न लगाउने । उनीहरूको जीवनी उपलब्ध छ भने सोबारे छलफलमा समावेश गराउने । कुनै मिडियाबाट देखापरेको भए उपलब्ध गराउने । ती व्यक्तिहरूबारे बनाएका भिडियो क्लिप्सहरू प्रयोग गर्ने ।<br>• उहाँहरूसँग सम्बन्धित व्यक्ति, संस्था र समुदायमा समूहगत रूपमा पठाई आवश्यक जानकारी लिई कक्षामा प्रस्तुत गर्न लगाउने, प्रतिवेदन लेख्न लगाउने ।<br>• विशिष्ट व्यक्तिहरूको रूपमा आफूलाई पनि विकास गर्न सकिन्छ कि ? भनी प्रश्न गर्दै विद्यार्थीहरूको धारणा बुझ्ने ।<br>• उल्लिखित व्यक्तिहरूको चित्र(स्केच) उतारी त्यसको मुनि छोटो छोटो व्यहोरा उल्लेख गर्न लगाई ती व्यक्तिहरूको व्यक्तित्व झल्काउन शिक्षकले सहजीकरण गर्ने । | • उल्लिखित व्यक्तिहरूको तस्वीरहरू, जीवनी, पोष्टर, पर्चा, भिडियो क्लिप्स | • विशिष्ट व्यक्ति कसलाई भनिन्छ ? | ४ |

| क्षेत्र | विशिष्ट उद्देश्य | विषय विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| ४. स्थानीय विविध संस्कृति :<br>क) गुँलाँ पर्व | १) गुँलाँ शब्दको शाब्दिक अर्थ र गुँलाँ पर्व मनाउने समयावधि बताउन । | गुँलाँ शब्दको अर्थ मनाउने समयावधि र मनाउने दिन | १) गाईजात्रा कुन महिनामा पर्दछ भनी प्रश्न राखी विद्यार्थीसँग अन्तरक्रिया गरी गाईजात्रा पर्ने महिनामा नै गुँलाँ महिना पनि पर्दछ भनी स्पष्ट पारिदिनुहोस् ।<br>क) गुँलाँ शब्द कुन भाषाबाट आएको हो ? भनी प्रश्न राखी सही उत्तर नआएमा नेपालभाषाबाट आएको शब्द भनी बताई गुँलाँ शब्दको अर्थलाई विभिन्न विद्वान्हरूले विभिन्न अर्थमा वर्णन गरेको कुरा निम्न लिखित उदाहरणद्वारा स्पष्ट पारिदिनुहोस् :–<br>– गुँलाँ शब्दमा गुँ शब्दको अर्थ नेपाल भाषाको नवौंमा पर्ने महिना हो र ला को अर्थ महिना भनि बुझाइदिनुहोस् ।<br>– गुँलाँ महिनामा भर्खर सिनाज्या सकेको, गर्मी घट्दै जाने महिना, दिन छोटो हुँदै जाने, खानाको रूचि बढ्दै आउने समय, रोगव्याधि कम हुँदै जाने र जतातते हरयाली देखिने मौसम हुँदा यस्ता गुणले युक्त महिना हुँदा गुणिलो महिना पनि भन्ने गरिएको छ । यही नै गुणिलो महिनाबाट गुँलाँ शब्द बनेको भन्ने भनाइ पनि कुनै विद्वान्को छ ।<br>– गुँलाँ पर्वको शुरू श्रावण शुक्ल प्रतिपदादेखि भाद्र शुल्क प्रतिपदासम्म एक महिनासम्म मनाउने पर्व भनी स्पष्ट परिदिनुहोस् । | वार्षिक क्यालेण्डर | गुँलाँ शब्दको अर्थ लेख्न लगाउनुहोस् । | ५ |
| | २) गुँलाँ अवधिमा नेवार समुदायले मनाउने धार्मिक कार्यहरूको सूची र क्रियाकलापको व्याख्या गर्न । | | २) वार्षिक क्यालेण्डर सबैले पढ्न सक्ने गरी झुण्ड्याई निम्न लिखित प्रश्नहरू बोर्डमा लेखी छलफल गर्नुहोस् :<br>क) गुँलाँ महिना विक्रम संवत्को क्यालेण्डरमा कुन महिनामा पर्दछ ?<br>ख) श्रावण महिनामा कुन देवी देवतालाई पूजाआजा गरेको, के कस्ता बाजाहरू देखा परेको र के कस्तो जात्रा देखिन्छ ? सम्झेर भन्नुहोस् ।<br>ग) विद्यार्थीबाट आएको उत्तरलाई बोर्डमा लेख्दै जानुहोस् ।<br>घ) निम्न लिखित तथ्य प्रस्तुत गरी श्रावण महिनाको महत्त्व र यस महिनामा हुने धार्मिक कार्यहरूको सूची बोर्डमा लेख्दै छलफल गर्दै जानुहोस् :<br>● श्रावण महिना बौद्ध र हिन्दू धर्मावलम्बीहरूको लागि सबैभन्दा बढी धर्म कर्म, दान पुण्य गर्ने महिना मात्र नभई धार्मिक पूजापाठ, भजन, मन्दिर, गुम्बा, विहार, वहि र घरघरैपिच्छे श्रवण गर्न पाइने हुँदा श्रवण संस्कृति शब्दबाट महिनाको नाम नै श्रावण हुन गएको भनाइ सुनिन्छ ।<br>३) यस महिनामा गरिने विभिन्न धार्मिक कार्यलाई दुई भागमा विभाजन गरी प्रस्तुतिलाई बोर्डमा लेखी अन्तरक्रिया पनि गर्दै जानुहोस् : | गुँलाँ बाजासहितको परिक्रमा गरिरहेको चित्र । | नेवार समुदायले गर्ने विभिन्न धार्मिक कार्यहरूमध्ये तपाईंले देख्नु भएको कुनै एकलाई परिवारसँग सोधेर निम्न बुँदाहरूको छोटो उत्तर लेखाउनुहोस् ।<br>क) धार्मिक कार्यको नाम के हो ? | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | क) बौद्ध धर्मावलम्बीले गरिने विभिन्न धार्मिक कार्यहरू:<br>● बिहान बिहान एक महिनासम्मै पुरुष र महिलाहरू गुँलाँ बाजासहित नजिकको महाविहार, विहार, वहाः वहि, चोक चोकमा परिक्रमा गरी पूजा गर्दछन् ।<br>● महाविहार, विहार, गुम्बा, वहि, चोक, वहाल वहालमा आरती बालेर प्रज्ञापारमिता, ज्ञानमाला, गण्डव्युह, लंकावतार, ललिताविस्तर आदि बौद्ध स्त्रोत्रहरू पाठ गर्ने गरिन्छ ।<br>● काठमाडौं पाटनमा सबै महर्जनहरूले घर घरमा बौद्ध स्त्रोत्रहरू पाठ गर्दछन्<br>ख) श्रावण महिनामा गरिने धार्मिक कार्यहरू:<br>(व्याख्या र अन्तरक्रिया गरी बुझाइदिनुहोस् ।)<br>● प्रत्येक सोमबार महिलाहरूले कहिले पूरै रातो पहिरनमा कहिले पूरै हरियो पहिरनमा पशुपति, गोकर्णेश्वर, पिण्डेश्वर, डोलेश्वर, सन्तानेश्वर, दत्तात्रय आदि विभिन्न महादेवका मन्दिरको दर्शन गरी व्रत बसी पूजाआजा गर्ने गर्दछन् ।<br>● श्रावण महिनामै पार्वतीले महादेव पति पाऊँ भनी ब्रत बसी पूजा आराधना गरेको महिना हुँदा यसको प्रभाव महिलाहरूमा परेको देखिन्छ ।<br>● यसै महिनामा चथा पूजाको पनि वर्णन गरिदिने ।<br>● यही महिनाको प्रत्येक बुधबार ४ बुद्ध भगवानको दर्शन गर्न जाने परम्परा पनि चलिआएको छ । ५ बुधबार भएको श्रावण महिना पाँच बुद्धको पूजा गर्न जाने परम्परा बताउने । ५ बुद्धहरूमा १) नमोबुद्ध, काभ्रे २) बज्रयोगिनी, साँखु ३) स्वयम्भु ४) करूणामय, ब्वङा ५) बौद्ध, खास्ति, काठमाडौं<br>● यी बौध्द स्थलहरूमा गरिने पूजाआजालाई आजभोलिको पदयात्रासँग तुलना गरी छलफल गर्ने । | हरियो पहिरन सहितको महिलाहरूको तस्बीर | ख) यो कहाँ मनाइन्छ ?<br>ग) सहभागी को को हुन्छन् ?<br>घ) यस कार्यमा खास के गरिन्छ ?<br>ङ) किन मनाइन्छ ? | |
| ख) दशैं (मोहनी नखः) | १) दशैंका बारेमा सङ्क्षेपमा व्यक्त गर्न | ● दशमी संस्कृत शब्दबाट आएको<br>● नेपालीहरूको प्रमुख चाड<br>● दश दिन मनाउने दशैं लाई नेवारी समुदायमा मोहनी नखः भनिने | १) तपाईंहरूले मनाउने चाडपर्वहरूमा सबैभन्दा मनपर्ने चाड पर्व कुन हो ? किन मनपर्छ ?<br>(उत्तर बोडमा टिप्दै जानुहोस् । सबैको उत्तर सुनिसकेपछि तपाईंले व्याख्या गर्नु हुँदा निम्न लिखित बुँदाहरूलाई पनि समेटी स्पष्ट परिदिनुहोस्)<br>● संस्कृत शब्द दशमीबाट दशैं शब्द बनेको हो । यसले दश दिनसम्म भन्ने अर्थ दिन्छ । नेपालमा मनाउने विभिन्न चाडपर्वहरूमध्ये प्रमुख पर्व भएको हुँदा वडा दशैं भन्ने गरिएको हो । नेवार समुदायमा यसलाई 'मोहनी नख' भन्ने गरिन्छ । | दशैं सम्बन्धी फोटो, लेख रचना | १) दशैं शब्दको अर्थ भन्नुहोस् । | ८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | २) वडा दशैं मनाउने तिथि र अवधि बताउन । | • चैत दशैं, वडा दशैं आश्विन शुक्ल प्रतिपदादेखि दशमीसम्म | २) वडा दशैं कुन महिनामा कुन तिथिदेखि कुन तिथिसम्म कति दिन मनाइन्छ ? विद्यार्थीको उत्तर लेख्दै जानुहोस् ।<br>(तपाईंको वर्णनमा निम्न लिखित तथ्यहरूलाई पनि समावेश गरी स्पष्ट पारिदिनुहोस् )<br>• गैर नेवार समुदायहरूमा चैत्र शुक्ल प्रतिपदादेखि राम नवमीसम्म चैत दशैं मनाउने चलन थियो भन्नेबारे छलफल गर्ने । | | २) किन चैत्र महिनामा मनाउने दशैं आश्विन महिनामा सारिएको होला ? | |
| | ३) नवरात्रीमा नौ दिनसम्म पूजा गर्ने नवदुर्गाको नौ ओटा विभिन्न स्वरूपको वर्णन गर्न । | • नवरात्रीको शुरू आश्विन शुक्ल पक्षको प्रतिपदाबाट नवमीसम्म ।<br><br>• नवदुर्गाको नौ स्वरूप बताउन । | ३) दशैंमा नौ दिनसम्म पूजा गर्ने नवदुर्गा भवानी(दुर्गा भवानी) का अनेक नाम र स्वरूपका छन् । ती के के नामले नवदुर्गा भवानीलाई पूजा गरिन्छ ? कसलाई के के थाहा छ ? आफ्नो आफ्नो कापीमा लेख्न लगाई पालै पालो प्रस्तुत गर्न लगाउनुहोस् ।<br>(तपाईंको वर्णनमा निम्न विषयवस्तु समेटी वर्णन गर्नुहोस् )<br>• नवरात्री आश्विन शुक्ल पक्षको प्रतिपदादेखि शुरू भएर नवमीसम्म चल्छ । यस अवधिमा नवदुर्गालाई पूजा गर्ने उपयुक्त समयको रूपमा लिइएको छ । यी नौ दिनमा नवदुर्गा नौ स्वरूपमा प्रकट हुने कुरा पण्डितहरूबाट बुझिन्छ । ती हुन् :<br>१) शैलपुत्री २) ब्रह्मचारिणी ३) चन्द्रघण्टा ४) कुस्माण्डा ५) स्कन्द माता ६) कात्यायनी ७) कालरात्री ८) महागौरी ९) सिद्धिदात्री | नवदुर्गाको चित्र | ३) नवदुर्गाको नौ स्वरूपको नाम लेख्नुहोस् । | |
| | ४) ख्वपमा घटस्थापनादेखि नवमीसम्म नवरथा घुम्न जाने (नवरात्री मोल्हु वनेगु) क्रममा कुन कुन देवी कहाँ गइन्छ, भने बताउन । | • नौरथा घुम्न जाने ९ देवीको नाम | ४) तपाइँहरूमध्ये को को नवरात्री घुम्न जानुभएको छ ? पहिले दिनदेखि नवौं दिनसम्म कुन कुन देवी कहाँ जानुभयो सम्झेर भन्नुहोस् ।<br>(तपाईंको वर्णनमा बोडमा लेखेर, सार्न दिनुहोस्) जस्तै :<br>• पहिलो दिन, घटस्थापना : ब्रह्मायणीमा बेलुका पनि फूल चढाउन( स्वंतकि तनिगु) जाने<br>• दोस्रो दिन, माहेश्वरी<br>• तेस्रो दिन, कुमारी<br>• चौथो दिन, भद्रकाली<br>• पाँचौ दिन, बाराही<br>• छैटौं दिन, इन्द्रायणी<br>• सातौं दिन, महाकाली<br>• आठौं दिन, महालक्ष्मी<br>• नवौं दिन, त्रिपुरासुन्दरी | नौ ओटा देवीहरूको फोटो | ४) नौरथा घुम्न जाने ९ देवीको नाम लेख्नुहोस् । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ५) दशैंमा गरिने मुख्य मुख्य पूजाआजा कार्यक्रमको व्याख्या गर्न | • घटस्थापना देखि विजयदशमीसम्मको कार्यक्रम | ५) घटस्थापनादेखि दशमीसम्म कहाँ कहाँ पूजा गरिन्छ ? सम्झेर आफ्नो कापीमा लेखी पालैपालो कक्षामा प्रस्तुत गर्नुहोस् ।<br>(जाति र धर्मअनुसार दशैंमा गरिने क्रियाकलाप र पूजाआजा एक रूपता नभई फरक फरक हुने हुँदा कक्षामा विभिन्न प्रश्नहरू राखी अन्तरक्रिया गरी प्रत्येक विद्यार्थीहरूले गर्दै आएको क्रियाकलाप प्रस्तुत गर्न लगाउनुहोस् ।)<br>• पहिलो दिन घटस्थापनाको दिनमा के के गरिन्छ ? विभिन्न प्रश्नहरू राखी अन्तरक्रिया गरी स्पष्ट पारिदिनुहोस् ।<br>• त्यसपछि आश्विन शुक्ल सप्तमीका दिनलाई फूलपाती भनिन्छ। (त्यस दिनमा पनि के के गरिन्छ ? कहाँ कहाँ के के राखेर पूजा गरिन्छ ? विभिन्न प्रश्नहरूको माध्यमबाट पत्ता लगाई स्पष्ट पारिदिनुहोस् । त्यस दिन सैनिक मञ्चमा बढाइँ कार्यक्रम सञ्चालन हुँदै आएको कुरा पनि राखिदिनुहोस् ।<br>• त्यसपछि आश्विन शुक्ल महाअष्टमीका दिनमा कुनै जातिले परिवार सबै नै कुलदेवता (आंगन देवता) कहाँ गई आफ्नो शस्त्रअस्त्र र पेशागत ज्यावलहरू लगी पूजा गरी केही दिनको लागि त्यहीं स्थापना गर्दछन् भने कुनै कुनै जातिले आफ्नै घरकाको घटस्थापना कोठामा शस्त्र अस्त्र र पेशागत औजारलाई त्यही राखी पूजा गरी राख्छ ।<br>• अब कक्षामा भएका विद्यार्थीहरूसँग विभिन्न प्रश्नहरू राखी छलफल गर्ने ।<br>• त्यसै दिन बेलुका नेवार समुदायले 'कुछिभ्वय्' खाने चलन वर्णन गरिदिनुहोस् ।<br>• त्यसपछिको दिन हो महानवमीलाई दशैंको मुख्य दिनको रूपमा लिइन्छ । अष्टमी र नवमीबीचको रातलाई कालरात्री भनिन्छ । महालक्ष्मी, महासरस्वती र महाकाली गरी तीन शक्ति देवीको पूजा गरिन्छ ।<br>• नवमीका दिन कलकारखाना, पसल, मेशिन, सवारी साधनलाई पूजा गर्ने चलन छ । त्यसपछि आश्विन शुक्ल दशमीका दिन जसलाई टीका वा विजया दशमी भनिन्छ। त्यसदिन घरमा वा कुलदेवता कहाँ (आगमे) पूजा गरी स्थापना गरी राखेका पेशागत ज्यावलहरू पूजा गरी निकाली मर्यादा क्रमसँग परिवारका सदस्यहरूलाई वितरण गर्ने गरिन्छ जसलाई 'खड्ग सिद्धि वितरण' पनि भनिएको छ ।<br>• कलकारखाना, पसल, मेशिन, सवारी साधन आदिलाई पूजा गर्ने भनेको औजार र प्रविधिको सम्मान गरेको तथ्यलाई व्याख्या गर्ने ।<br>• त्यसपछि आश्विन शुक्ल दशमीका दिन जसलाई टीका वा विजया दिशमी भनिन्छ ।<br>• आ आफ्नो परिवारमा दशैं कसरी मनाइन्छ छलफल गर्ने । | घटस्थापनामा जमरा उम्रेको चित्र | ५) दशैंको मुख्य दिन कुन दिनलाई मानिन्छ ?<br><br>६) दशैंलाई नेवार समुदायले मोहनी भन्नुको भित्री रहस्य के हो ? लेख्नुहोस् । | |

| क्षेत्र | विशिष्ट उद्देश्य | विषय विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| ५ प्रचलित स्थानीय संस्कारहरू (क) दशैं | बौद्ध धर्मावलम्बीहरूले विजया दशैंलाई शस्त्र अस्त्र परित्याग दिवसको रूपमा मनाइने तथ्य वर्णन गर्न | • विजया दशमीलाई विभिन्न समुदायले विभिन्न तरिकाले मनाइने परम्परा रहेको र बौद्ध धर्माबलम्बीहरूले कसरी शान्ति र अहिंसाको प्रतीकको रूपमा मनाइन्छ भनी जानकारी राख्न । | • बौद्ध धर्मावलम्बीहरूले विजया दशमीलाई कसरी मान्छन् ? विद्यार्थीहरूको विचार सुनौं र निम्न लिखित घटनाको आधारमा स्पष्ट व्याख्या गरिदिनुहोस् ।<br>• सम्राट अशोकको भयानक हिंसाको दर्दनाक प्रतिफल<br>• कक्षामा प्रश्न राखी अन्तरक्रिया गर्नुहोस् : तपाईंहरू को को बुद्ध जन्मभूमि लुम्बिनीमा पुग्नुभएको छ ? पुग्नेसँग यो प्रश्न सोध्नुहोस् ।<br>• लुम्बिनीमा धरहराजस्तो 'अशोक स्तम्भ' देख्नुभएको छ ? किन त्यो स्तम्भ राखिएको होला ? विद्यार्थीको भनाइ सुनिसकेपछि सही उत्तर राखिदिनुहोस् ।<br>• धेरै समय पहिले बुद्धको जन्म यही ठाउँमा भएको भनी सबैको पहिचानको लागि राखिएको हो । सम्राट अशोकको बारेमा उनले दशमीको दिन कसरी युध्द र शस्त्र अस्त्र त्याग गरे भने कथा बुझाइदिनुहोस् ।<br>• सम्राट अशोकले आफ्नो राज्यको विस्तारका लागि ९९ जना आफ्नै दाजुभाइलाई मारेको, कलिँको युद्धमा १ लाखभन्दा बढीको हत्या गरेको र डेढ लाख जवानलाई कैदी बनाई जेलमा कोचेको जस्ता विभिन्न कारणले गर्दा उनी सुत्न सकेनन्, खाना रूचेन, पाइलैपिच्छे त्यसकै झझल्को आई मनमा अशान्तिले छोडेन । मनमा पश्चाताप भई नै रहृयो – आज मैले राज्यहरूलाई जित्न सफल भएँ तर आफ्नै मनलाई जित्न नसकेको पश्चाताप लाग्यो, मनमा अनेक कुरा खेल्न थाले । रगतको टाटालाई रगतले नै धोएर कहिल्यै मेटिन्न रहेछ । मनको अशान्तिलाई शान्त पार्न सल्लाहअनुसार बुद्धको शरणमा गई दीक्षित भए । बल्ल शान्ति मिल्यो । विजया दशमीकै दिनमा सम्राट अशोकले अब उप्रान्त शस्त्र अस्त्र परित्याग गर्ने प्रण गरे । यही दिनलाई शस्त्र अस्त्र परित्याग दिवसको रूपमा बौद्ध धर्मावलम्बीहरूले मनाउन थाले । बुद्ध धर्मको अध्ययन गर्दै आस्थावान् उपासक बन्न सफल भयो जसको प्रतिफल विश्वभर ९४ हजार बौद्ध चैत्य स्थापना गरी बुद्ध धर्मको प्रचार प्रसारमा लागिपरेका हुन् । | अशोक स्तम्भ देखिने लुम्बिनीको चित्र | ७) लुम्बिनीमा अशोकले अशोकस्तम्भ किन राखिएको हो ?<br><br>८) रगतको टाटालाई रगतले नै धोएर कहिल्यै मेटिन्न रहेछ भन्ने भनाइको सान्दर्भिकता अर्थ्याउनुहोस् । | ४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५(ख) येन्या पुर्णिमा | येन्या पुर्णिमाबारे वर्णन गर्न । | यम द्यः, मूपात्र, दिचा, पुलुकिसी, यामता | • विद्यार्थीहरूबीच ख्वपको संस्कृतिबारे छलफल गराउने<br>• ञला (गा, थ्व) महिना घरमा अभिभावकसँग सोधेर आई कक्षामा प्रस्तुत गराउने ।<br>• ञँला महिनामा ख्वपमा मनाउने येन्या पुर्णिमाबारे जानकारी गराउने<br>• शुरूको दिन द्वितीया यम द्यः उठाउने<br>• चौथो दिन द्वादशी यम द्यः ह्वङ्केगु<br>• पाँचौं दिन प्रतिपदा यांमता ल्याउने<br>• छैटौं द्वितीया मु:पात्र र दिचा ल्याउने<br>• सातौं दिन तृतीया पुलुकिसी ल्याउने<br>• यस संस्कृतिको किंवदन्तीबारे विद्यार्थीहरूसँग छलफल गर्ने ।<br>• यमद्यः उठाउनाका कारण खोटल्न लगाउने ।<br>• यांमता, मुपात्र, दिचा र पुलुकिसी ल्याउनाका सांस्कृतिक, सामाजिक र प्राकृतिक आदि कारणहरूबारे छलफल गर्ने । | येन्या पुर्णिमासँग सम्बन्धित फोटोहरू र भिडियो क्लिप | यांमता कुन दिनमा ल्याउने गरिन्छ ? | ५ |

| क्षेत्र | विशिष्ट उद्देश्य | विषय विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| ६. स्थानीय बोलीचाली र लिपि | क) रैथाने भाषामा मानिसहरूको बानी, व्यवहार, स्वभाव, शारीरिक र मानसिक अवस्था जनाउने शब्दहरू बताउन । | • मानिसहरूको स्वभाव जस्तैः तंगुलु, तंकाली, तं मभिंम्हा, न्हयोँगुलु, नगुलु, ऐलागुलु, ल्वापुखिचा, न्यासिचःम्हा, लोकंह्वाम्हा,नुगनःचाम्हा, नुगनस्याम्हा, धोगिम्हा, भिंम्हा, हारांम्हा, सोभ्फाम्हा, नुगमस्याम्हा, कतिलापाक्वम्हा, धेकेम्हा आदि<br>• मानिसको शारीरिक र मानसिक अवस्था जनाउने जस्तैः कांम्हा, कनीम्हा, खूम्हा, ख्वाँय्म्हा, खुसींम्हा, ढुसीलुम्हा, ल्हों, गाँसी, तःग्वारा, तञ्हिम्हा, गोरा, आँली, खाँ सम्हा, वें, उईं, पुर्क्या, ढेपः, ल्याम्हो, ल्यासे यार्पा, ख्वबिलु आदि । | • आजको कक्षामा तिम्रा साथीहरू कस्ता रहेछन् थाहा पाउने है ? पढाइ राख्दा वेञ्चमै सुत्ने, टिफिन खाँदा खाँदै पनि निदाउने रामुलाई के भन्ने त ? 'निद्रालु' यहाँको रैथाने भाषामा कसले भन्न सक्छौ त ? न्हयोँगुलु<br>• त्यस्तै शब्दपत्ति, चित्रपत्ति बाँड्ने क्यारिकेचर, हाउभाउ आदिको माध्यमबाट विषय विस्तृतीकरणमा उल्लेख गरिएका स्वभावजन्य र शारीरिक अवस्था भ्फल्काउने शब्दहरूलाई त्यही अनुरूपको वस्तुस्थिति सृजना गरी उनीहरूबाटै रैथाने नेवारी शब्दहरूको अर्थ बुझ्न लगाउने । बोर्डमा सूची बनाउँदै जाने ।<br>• समूह बनाइ ती शब्द पत्ती र चित्र पत्ती बाँडेर छलफल गराई चित्रको शब्दमा र शब्दको चित्रमा उतार्न लगाउने । समूह नेतालाई कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>• विषयवस्तुसँग सम्बन्धित विभिन्न तस्बीर, पोस्टर, भिडियो क्लिप्स देखाई छोटो छोटो नेवारी शब्दका वाक्यांशहरू अर्थ खुल्ने गरी प्रयोग गर्ने गराउने । जस्तै : मोटो मान्छे देखाएर नक्कल पनि गर्दै 'अहो गुलि ल्होंम्हा, तग्वाराम्हा' आदि ।<br>• एकापट्टि स्वभाव बुझाउने चित्र र अर्कापट्टि शारीरिक वा मानसिक अवस्था बुझाउने नेपालभाषाका शब्द भएका पत्तीहरू पालै पालो देखाउँदै भन्न लगाउने । मुखाकृति, हाउभाउ, क्यारिकेचर, आदिबाट अर्थ खुलाउने । चित्रहरू बोर्डमा टाँस्ने र सोहीअनुरूप त्यसलाई जनाउने भाषाको शब्दका पत्तीहरू पनि आमुन्ने सामुन्ने टाँस्दै जाने बोल्दै पनि जाने । विद्यार्थीहरूलाई ती शब्दहरू भन्न उत्साहित गर्ने । | • स्वभाव प्रदर्शन गर्न सकिने फोटोहरू, चित्रहरू, भिडियो क्लिप्स, शारीरिक अवस्था जनाउने विभिन्न फोटो र चित्रहरू भिडियो क्लिप्स | • कान नसुन्ने मानिसलाई नेपालभाषामा के भनिन्छ ? | ४ |
| | ख) स्थानीय रैथाने नेवारी भाषाबाट पत्रपत्रिका सम्बन्धी कुराकानी गर्न | • स्थानीय पत्र पत्रिका बारेमा नेपाल भाषाबाट कुराकानी | • भक्तपुर नगरपालिकाबाट प्रकाशित स्थानीय नेपाल भाषाको पाक्षिक पत्रिका 'ख्वप पौः' बारे स्थानीय भाषामै कुराकानी :<br>– छु भ्वँ ज्वङ भ्फाया अरा ?<br>– भ्वं मखु 'ख्वप पौः' बछि पौ, पाक्षिक कः ।<br>– छु छु खाँ द ?<br>– ख्वपय् ज्वीगु जात्रा | • 'ख्वप पौ' का विभिन्न अङ्कहरू | • 'ख्वप पौ' बारे कक्षा कोठामा गरिएको संवाद, रोल प्लेमा सहभागिता | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ग) प्रचलित लिपि र रञ्जना लिपि | • रञ्जना लिपिको सामान्य विशेषता बताउन<br>• रञ्जना लिपिको हस्तलिपि लेखाई (Calligraphy) को निम्ति छुट्टै कलम बनाउने | • रञ्जना लिपिको अक्षरको बान्की मोटाइ र लेखाइ<br>• रञ्जना लिपिको हस्तलिपि लेखाइ (Calligraphy) को निम्ति सामान्य कलम, निगालो एवं बाँस आदिबाट कमल तयार पार्ने विधि | • रञ्जना लिपि, प्रचलित लिपि र देवनागरी लिपि गरी तीन वटै लिपिका अक्षरहरूका स्वर वर्णहरू लेखेको चार्ट कक्षाकोठामा टाँग्ने । अक्षरहरूका रूप, बान्की र मोटाइबारे छलफल गर्ने । ती बीच सामान्य भिन्नता र समानताबारे प्रश्नोत्तर गर्ने । आएका जवाफलाई बोर्डमा टिप्दै जाने ।<br>• अरू दुइटा लिपिभन्दा रञ्जना लिपिका अक्षरहरू मोटो देखिने, समान ठाउँ छोडेर टाँसिएको जस्तै अक्षरहरू लेख्दै जाने, लेखाइ एकरूपता देखिने, बाँयाबाट दायाँतिर करिब ४५° कोणमा समानान्तर रूपले खुट्टा तानेर लेखिएको बारे चर्चा गर्ने । कतातिर अक्षरको धर्सो कसरी तान्दा मोटो र पातलो देखिन्छ ? रञ्जना लिपि अक्षरका यस्तो आकार प्रकारको रूप सजिलैसँग कोर्न कलम कस्तो खालको चाहिने होला भनी प्रश्नोत्तर गर्दै त्यस्तो कलम बनाउने प्रकृया थाल्ने । प्रक्रियाका चित्रात्मक चार्ट बोर्डमा झुण्ड्याउने ।<br>• एउटा साधारण फाउन्टेन पेनको निबको टुप्पोलाई स्प्रिङको कैंचीले चित्रमा जस्तै ४५° कोण पारी तेर्सो गरी काट्ने । काटेको ठाउँको धारलाई मार्न सिसा वा ढुङ्गामा घोटेर देखाउने ।<br>• शिक्षकले रञ्जना लिपिका अक्षरहरू क देखि ङ सम्म बिस्तारै बोर्डमा तानेर देखाउने । उनीहरूलाई पनि त्यस्तै अभ्यास गर्नको निम्ति भन्ने ।<br>• उक्त लिपिका अक्षरहरू लेख्ने प्रक्रियासहित अङ्कित गरेको शब्दपत्तीहरू एउटा एउटा प्रत्येक समूहलाई दिने ।<br>• रञ्जना लिपिका अक्षरहरू सिकाउन तयार पारेका एप्स र फेसबूकबाट सेभ गरी कक्षाकोठामा देखाउने ।<br>• लिपि सिकाउने शिक्षकलाई कक्षामा बोलाएर पनि सिकाउन सकिन्छ ।<br>• क्रमसँग अक्षरहरू, दुई तीन अक्षरका शब्दहरू राइटिङ कापीमा लेख्ने अभ्यास गराउने र आफूले लेखेको अक्षर पढ्न लगाउने । | • लिपिका चार्ट, शब्दपत्ती र भिडियो क्लिप्स्<br>• उल्लिखित लिपिको हस्तलिखित लेखाइ (Calligraphy) को निम्ति फाउन्टेन पेन, निगालोका टुक्राहरू, बाँसको मसिनो हाँगाका टुक्राहरू, स्प्रिँङ कैंची, A4 कागजका पानाहरू, राइटिँङ कापीहरू<br>• कलम बनाउने विधिको चित्रात्मक चार्ट<br>• विभिन्न आकारमा (साइजमा) लेखिएका रञ्जना लिपि र प्रचलित लिपिका चित्रहरू, पत्रहरू, किताबहरू, शिलालेखका फोटोहरू, उक्त लिपिबाट लेखिएका सम्मान–पत्र, कदर–पत्र, समाचार पत्रको फोटोहरू आदि | • रञ्जना लिपिका अक्षरहरूको विशेषताहरू लेख्नुहोस् ।<br>• रञ्जना लिपिका अक्षरहरू कोर्ने कलमका विशेषताहरू बताउनुहोस् ।<br>• आफूले तयार पारेका कलमबाट उक्त लिपिका पाँचओटा अक्षरहरू लेख्नुहोस् । | ४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | • रञ्जना लिपि र प्रचलित लिपिबाट अङ्क, सङ्ख्या चिन्ने, पढ्ने र लेख्ने कार्य गराउन | • रञ्जना लिपि र प्रचलित लिपिको एक देखि बीससम्मका अङ्क सङ्ख्याहरू पढ्ने र लेख्ने । | • रञ्जना लिपिमा अङ्कित पृष्ठ सङ्ख्या जनाएको पुस्तक पुस्तिका समूहमा उपलब्ध गराएर पाना पल्टाउँदै पृष्ठ सङ्ख्या पढ्न लगाउने । एकातिर उक्त लिपिमा अङ्कित अङ्क र अर्कातिर त्यसलाई जनाउने शब्द र चित्र भएका शब्दपत्तीहरू समूहमा बाँड्ने । टोली नेताले शब्दपत्तीहरू एक एक गरी देखाउँदै अङ्कलाई शब्दमा उच्चारण गर्न लगाउने ।<br>• लिपि लेख्न तयार पारिएको कलम प्रयोग गरी सेतो पाटीमा ती अङ्कहरू लेख्दै उच्चारण गर्दै अङ्क बीससम्म लेख्ने । | • रञ्जना लिपि र प्रचलित लिपिमा लेखिएको अङ्क सङ्ख्याको चित्र सहितको चार्ट (जसमा ती अङ्कहरूलाई उच्चारण गर्ने शब्दहरू पनि उल्लेख गरिएको हुनुपर्छ)<br>• शब्दपत्ती र चित्रपत्तीहरू<br>• भिडियो क्लिप्स | • चार्टमा रहेका अङ्कहरू पछाडिबाट उल्टो क्रममा पढ्नुहोस् ।<br>• उक्त लिपिमा अङ्कित पृष्ठ सङ्ख्याको अङ्क भन्नुहोस् | ४ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विषय विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| ७. स्थानीय कला र सम्पदा<br>क) स्थानीय मन्दिरहरू | • स्थानीय मन्दिरहरूको परिचय दिन ।<br>• स्थानीय मन्दिरहरूको धार्मिक, सांस्कृतिक तथा सामाजिक पक्षहरूबारे वर्णन गर्न । | • यातु महाद्यः,<br>• लुचुः महाद्यः<br>• आशापुरी महाद्यः,<br>• सिपारे महाद्यः<br>• अनन्त लिङ्गेश्वर,<br>• तिचा महाद्यः(नगरकोट)<br>• बाघ भैरब (रानीकोट)<br>• ती मन्दिरहरूको परिचय तथा धार्मिक, सांस्कृतिक तथा सामाजिक पक्षहरूबारे वर्णन । | • तपाईंहरूमध्ये को को यातु महाद्यः,लुचुः महाद्यः आशापुरी महाद्यः, सिपारे महाद्यः अनन्त लिङ्गेश्वर, तिचा महाद्यः(नगरकोट) र बाघ भैरब (रानीकोट) जानुभएको छ ? भनी प्रश्न गर्ने ।<br>• सम्भव भए ती मन्दिरहरूको भ्रमण गराउने ।<br>• ती मन्दिरहरूमा रहेका शिलालेखहरू टिपोट गर्न लगाउने तथा ती मन्दिरहरूको बारे विभिन्न लेखरचनाहरू सङ्कलन गरी त्यसको ऐतिहासिक एवम् सामाजिक महत्त्वबारे जानकारी दिने ।<br>• मन्दिरहरूको परिचय तथा फोटो टाँसी फोटो एल्बम बनाउन दिने | मन्दिरको चित्र , शिलालेखको फोटो , मन्दिर भित्रको देवताको फोटो<br><br>किंवदन्तीहरूबारे लेखिएका टिपोटहरू | छलफलमा स्पष्ट प्रस्तुति,<br><br>प्रश्नउत्तर<br><br>प्रतिवेदन प्रस्तुति<br><br>यातु महाद्यःको छोटो परिचय दिनुहोस् । | ५ |
| ख) स्थानीय बहा | • स्थानीय बहा (विहारको परिचय दिई तिनको धार्मिक, सांस्कृतिक तथा सामाजिक पक्षहरूबारे वर्णन गर्न | • सुकुध्वाका बही (लु वर्ण महाविहार) र<br>• अखण्डशील महाविहार (अखः बहाः ) | • सुकुध्वाका बही (लुँ वर्ण महाविहार) भक्तपुर नगरपालिकाको सुकुध्वाका वडा नं. ५, गोल्मढी वडा नं. ७ र लालाछें वडा नं.६ तीन टोलको बीचमा बाटो छेउमा छ । बहीभित्र भीमसेनको देवता भएको तथा हिन्दू धर्मावलम्बीहरू को बस्ती भएकोले विहारको नामबाट भन्दा पनि भीमसेन देवताको नामबाट बढी प्रचार भएको छ । भनी शिक्षकले सुकुध्वाका बही (लुँ वर्ण महाविहार)को सामान्य परिचय दिने ।<br>• सुकुध्वाका बही (लुँ वर्ण महाविहार) मा क्षेत्र भ्रमण गराउने ।<br>• विभिन्न लेख रचनाको सहायताले सुकुध्वाका बही (लुँ वर्ण महाविहार)को धार्मिक, सांस्कृतिक तथा सामाजिक एवम् ऐतिहासिक पक्षबारे स्पष्ट गर्ने । | किंवदन्तीहरूबारे लेखिएका टिपोटहरू | सुकुध्वाका बहीको बारे छोटो परिचय दिनुहोस् । | २ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | • त्यस्तै अखण्डशील महाविहार (अखः बहाः ) को बारेमा पनि सामान्य परिचय दिने ।जस्तैः<br>• अखण्डशील महाविहार (अखः बहाः ) बोलाछैं टोलको ढुँगे धारासँगै छ । यो ख्वपको पुरानो विहारमध्ये एक हो । यो विहार कहिले बनाएको थियो भन्नेबारे कुनै पुष्टि भएको छैन तर विद्वान्हरूको भनाइअनुसार राजा नरेन्द्रदेवले नेपाल खाल्डोमा करूणामय देवता ल्याएको बेला यो विहारमा ल्याएको भन्ने भनाइ रहेको छ ।<br>• अखण्डशील महाविहार (अखः बहाः) मा विद्यार्थीरूलाई क्षेत्र भ्रमण गराउने ।<br>• विभिन्न लेखरचनाको सहायताले अखण्डशील महाविहार (अखः बहाः ) को धार्मिक, सांस्कृतिक तथा सामाजिक एवम् ऐतिहासिक पक्षबारे स्पष्ट गर्ने । | तस्वीर | | |
| ग) स्थानीय घाटहरू | • स्थानीय घाटहरूको छोटो परिचय दिन । | • ब्रह्मायणीघाट<br>• हनुमानघाट<br>• चुपिंघाट<br>• माहेश्वरीघाट<br>• मङ्गलघाट<br>• कासंघाट | • विद्यार्थीहरूलाई ब्रह्मायणीघाट, हनुमानघाट, चुपिंघाट, माहेश्वरीघाट, मङ्गलघाट, कासंघाटबारे के थाहा छ ? भनी प्रश्न गर्ने ।<br>• ब्रह्मायणीघाट, हनुमानघाट, चुपिंघाट, माहेश्वरीघाट, मङ्गलघाट, कासंघाटको धार्मिक, सांस्कृतिक तथा सामाजिक पक्षहरूबारे वर्णन गर्न ।<br>• ती घाटहरूको निर्माण तथा किंवदन्तीबारे आफ्ना अभिभावक, टोलका जानकार व्यक्तिहरूसँग भेटघाट र छलफल गरी कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>• ती घाटहरूको उपयोगिताको बारेमा समूह कार्य गर्न लगाउने र घाट सुधार, संरक्षण तथा सम्बर्द्धनबारे छलफल गर्ने ।<br>• ब्रह्मायणीघाट, हनुमानघाट, चुपिंघाट, माहेश्वरीघाट, मङ्गलघाट, कासंघाट, अवलोकन भ्रमण गराई कुनै एकको प्रतिवेदन प्रस्तुत गर्न लगाउने । | स्थानीय घाटहरूका फोटोहरू | छलफलमा सहभागिता प्रश्नउत्तर र प्रतिवेदन प्रस्तुति<br><br>हनुमानघाटको छोटो परिचय दिनुहोस् । | ४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| घ) स्थानीय नाच | • स्थानीय नाचहरूको परिचय दिन ।<br>• ती नाचहरूको सांस्कृतिक महत्त्व बताउन । | • नवदुर्गा नाच<br>• खः प्याखं<br>ती नाचहरूको परिचय तथा सांस्कृतिक महत्त्व | • भक्तपुरका जीवित देवता नवदुर्गा गणको नाच नेपाली राष्ट्रिय जीवनमा नवदुर्गा नाच भनी प्रसिद्ध छ । नेवार लोक जीवनमा यो नाच नवदुर्गा प्याखं नामले प्रख्यात रहिआएको छ । यसको अर्का नाम इकुं प्याखं पनि हो । तत्कालीन समयमा यो नाच भक्तपुरको हनुमानघाटपारि इखुडो भन्ने स्थानमा सर्वप्रथम सिकाइएको हुँदा यसको नाम इकुं प्याखं रहन गएको किंवदन्ती रहिआएको छ । यो नाच गृहनगरका २१ टोलहरूमा प्रदर्शन गर्ने पराम्परा छ । त्यसैगरी नगरबाहिर काठ्माडौंको देवपत्तन, ठिमी, नगदेश, बोडे, चोपुलि, टोखा, तुप्या, गोकर्ण, साँखु, चाँगु,सांगा, नाला, धलिखेल, खड्पु, बनेपालगायत पनौतीमा हरेक वर्ष लाने चलन छ । १२ वर्षमा १ पल्ट हाँडीगाउँमा नाच देखाउन लाने चलन पनि छ भनी शिक्षकले नवदुर्गा नाचको बारे छोटो परिचय दिने ।<br>• विद्यार्थीहरूसँग नवदुर्गा नाचमा गरिने विभिन्न क्रियाकलापहरूबारे छलफल गर्ने ।<br>• खः प्याखंको बारेमा तल लेखिएबमोजिम सामान्य परिचय दिने ।<br>• खः प्याखं एउटा पूर्णाङ्की नाटक हो । नेवारीमा पूर्णाङ्की नाटकलाई खः प्याखं भनिन्छ । कुनै एक स्थानमा यो नाच प्रदर्शन गरेपछि सो नाचको कथावस्तु पूरा नभएसम्म अन्यत्र जाँदैन । त्यसैले यो नाटक चरणबद्धरूपमा देखाउने गरिन्छ । त्यसरी देखाउँदा ३,४ दिनदेखि एक हप्ता पनि लाग्न सक्छ । महाभारत, कृष्णचरित्र, मधुमालती, कोलासुर बधोपाख्यान, मधुकरोपाख्यान जस्ता मल्लकालीन रचनाहरू खः प्याखंका कथावस्तु हुन् ।<br>• खः प्याखंको सांस्कृतिक महत्त्वको बारे छलफल गरी यसलाई पुनर्जीवित गर्नुपर्ने विषयमा छलफल गर्ने । | नवदुर्गा नाचको भिडियो क्लिप्स्हरू ।<br><br>खः प्याखंको पुराना फोटोहरू नवदुर्गा नाच र खःप्याखं सम्बन्धी लेखरचनाहरू | नवदुर्गा नाचको छोटो परिचय दिनुहोस् । | ४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ङ) स्थानीय दरबार | • स्थानीय दरबारहरूको परिचय दिन । | चौकोट दरबार र न्हेकं झ्यः दरबारको छोटो परिचय | • चौकोट दरबारलाई चौक्वाथ दरबार पनि भनिन्छ। यसको अर्थ चारैतिर किल्ला भएको दरबार भन्ने हुन्छ । यस्तो दरबार युद्धको बेला आवश्यक हातहतियार थुपार्ने तथा युद्धको बेला प्रयोग हुने दरबार हो। भक्तपुर दरबार क्षेत्रमा सर्वप्रथम जगतज्योर्ति मल्लले बनाएका थिए भनी भक्तपुरको चौकोट दरबारको बारे छोटो परिचय दिने ।<br>• चौकोट दरबारको बारे थप जानकारी आवश्यक भए 'भक्तपुर' मासिकको अङ्क २४१ को लेख अध्ययन गर्ने ।<br>• त्यस्तै न्हेकं झ्यः दरबारको बारे निम्नलिखित अनुसार छोटो परिचय दिने ।<br>• भक्तपुरको न्हय्कं झ्यः दरबार ने सं. ८१८ मा भूपतीन्द्र मल्लद्वारा निर्माण गरिएको थियो । यसलाई मालती चोक दरबार तथा सिंहढोका दरबार पनि भनिन्छ। यो दरबार निर्माण गर्नुको मूल कारण एक मानिसले मधेसबाट ल्याएको ऐना राजालाई उपहार दिंदा, त्यो कसैसित नभएको ऐनाबाट प्रभावित भई सबैलाई देखाउनुपर्छ भनी यो दरबार निर्माण गर्न लगाएको थियो । | चौकोट दरबार तथा न्हेकं झ्यः दरबार सम्बन्धी लेखरचना तथा तस्बीरहरू | न्हेकं झ्यः दरबारको छोटो परिचय दिनुहोस् । | ४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| च) स्थानीय फल्चा (पाटी) | ● स्थानीय फल्चा(पाटी)को परिचय दिन ।<br>● स्थानीय फल्चाको महत्त्व बताउन । | फल्चाको परिचय तथा महत्त्व | ● नेवार समुदायको वास्तुमा आधारित पाटीलाई नेपालभाषामा फलेचा वा फलिचा भनिन्छ । जुन अपभ्रंश हुँदै फल्चा भएको हो । नेपालभाषामा फ:को अर्थ पेटी हुन्छ । काठबाट बनेको बस्न योग्य पेटीलाई फल्चा भनिएको हो । पहिले टाढाका यात्री तथा गाउँबाट सहर आएकाहरूका लागि विश्राम गृहको रूपमा फल्चालाई लिइन्थ्यो । मन भुलाउन टाढा जान नसकेका वृद्धवृद्धाको भेटघाट गर्ने स्थान फल्चा हो । फल्चासँगै ढुँगेधारा हुनु अर्को विशेषता हो । फल्चालाई आराम गृहसँगै पानी हावाहुरीबाट बचाउने सुरक्षित स्थानको रूपमा प्रयोग गरिन्थ्यो । दिनभरि काम गरेर बेलुकीपख पाटी वा फल्चामा वरिपरिका सबै भेला भई दु:खसुखका कुरा गर्ने, दिउँसो बुढाबुढीहरू नाति नातिनासँग घाम तापेर कुराकानी गर्ने, बिहान बेलुका भजनकीर्तन गरेर आध्यात्मिक ध्यान गर्ने, समय समयमा भोज भतेर खाने कामको लागि पहिलेदेखि नै यसको महत्त्व थियो आदि भनी फल्चा बारे परिचय तथा महत्त्व बताउने ।<br>● विद्यार्थीहरूलाई आफू बसेको ठाउँ वरपर कति ओटा फल्चाहरू छन् ? भनी प्रश्न गर्ने ।<br>● ती फल्चाहरूमा के के कार्यहरू हुन्छ भनी छलफल गर्ने ।<br>● फल्चाको महत्त्व तथा भावी पिँढीले यसको संरक्षण गर्नुपर्ने कुरा बताउने । | फल्चा सम्बन्धी लेखरचनाहरू फोटोहरू | फल्चा भनेको को हो ? | ३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८. स्थानीय व्यवसाय सीप र प्रविधि पेशा | • प्रजापति समुदायको 'ज्यालु वानेगु'को परिचय दिन<br>• पुरोहित कार्यको परिचय दिन ।<br>• ज्योतिष कार्यको परिचय दिन ।<br>• ती पेशाहरूको फाइदा तथा यसको आधुनिकता बारे बताउन । | ज्यालु वानेगु, पुरोहित कार्य, ज्योतिष कार्यको परिचय, फाइदाहरू तथा यसको आधुनिकता । | • सर्वप्रथम प्रजापति समुदायको ज्यालु वानेगु भनेको कसैलाई थाहा छ ? भनी कक्षामा प्रश्न गर्ने ।<br>• विद्यार्थीहरूबाट सही जवाफ नआएमा शिक्षकले प्रजापति समुदायमा आफ्नो खेतीको काम सकाएर परदेशमा(उपत्यका बाहिर) गई त्यहीँको माटो लिई भाँडा बनाई, त्यस भाँडाकुँडालाई विभिन्न अन्न, सामान तथा पैसासँग साटी लिएर आउने चलनलाई प्रजापतिहरूको ज्यालु वानेगु भनिन्छ भनी बताउने ।<br>• आधुनितकतासँगै यो चलन पनि लोप भएको कुरा पनि बताउने ।<br>• त्यस्तै शिक्षकले पुरोहित कार्य र ज्योतिष कार्यको पनि सामान्य परिचय दिने ।<br>• पुरोहित कार्य र ज्योतिष पेशाको फाइदा तथा यसको आधुनिकताबारे कक्षामा छलफल गर्ने ।<br>• विद्यार्थीहरूबाट आएको कुरालाई शिक्षकले थप स्पष्ट पारिदिने । | • प्रजापति समुदायको ज्यालु वानेगु, पुरोहित कार्य र ज्योतिष कार्यबारे लेखरचना तस्वीरहरू<br>• भिडियो क्लिप्स् । | प्रजापति समुदायको ज्यालु वानेगु भनेको के हो ? | ४ |
| शहरी हरियाली व्यवस्थापन | शहरी हरियाली व्यवस्थापनको परिचय दिन<br>शहरी हरियाली व्यवस्थापनका फाइदाहरू बताउन । | शहरी हरियाली व्यवस्थापनको परिचय,<br>शहरी हरियाली व्यवस्थापनमा ध्यान दिनुपर्ने कुराहरू<br>शहरी हरियाली व्यवस्थापनका फाइदाहरू | • विश्व स्वास्थ्य सङ्गठनले शहरमा बस्ने नागरिकको लागि न्यूनतम ९ वर्ग मिटर हरियाली क्षेत्र प्रतिव्यक्ति चाहिने मापदण्ड कायम गरेको छ । शहरी हरियाली व्यवस्थापन भन्नाले शहरी क्षेत्रमा स्वच्छ वातावरण बनाउन शहरका भित्ताहरू, भवनका छतहरू, सडकका पेटीहरू सार्वजनिक तथा निजी स्थानहरूमा पनि हरियाली बढाउने कार्य नै शहरी हरियाली व्यवस्थापन हो भनी शहरी हरियाली व्यवस्थापनको बारे छोटो परिचय दिने ।<br>• यसका फाइदाहरूका बारेमा विद्यार्थीहरूसँग सोधी नमिलेको ठाउँमा शिक्षकले बुझाइदिने । | शहरी हरियाली व्यवस्थापन सम्बन्धी लेखरचना तथा भिडियो क्लिप्स | शहरी हरियाली व्यवस्थापन सम्बन्धी कुनै २ ओटा फाइदाहरू बताउनु होस् । | ३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| बुनाइ | तानबाट कपडा बुन्ने तरिका बताउन ।<br>गलैंचा तयार गर्ने विधि बताउन | तानबाट कपडा बन्ने तरिका<br>गलैंचा तयार गर्ने विधि | • सर्वप्रथम विद्यार्थीहरूलाई तानबाट कपडा बुनेको तथा गलैंचा बुनेको देखेका छौ ? भनी प्रश्न गर्ने ।<br>• विद्यार्थीहरूलाई तानबाट कपडा बुन्ने तरिका बताउने ।<br>• सम्भव भए तानबाट कपडा बुन्ने स्थानीय ठाउँमा लगी अवलोकन गराउने ।<br>• तानबाट कपडा बुन्ने व्यक्तिसँग साक्षात्कार गराई कपडा बुन्ने तरिकाबारे सोधपुछ गर्न लगाउने ।<br>• त्यस्तै स्थानीय गलैंचा बुन्ने ठाउँमा लगी गलैंचा कसरी बुनिन्छ ? गलैंचा बुन्न के के सामानहरू चाहिन्छन् ? जस्ता प्रश्न गर्न लगाई उनीहरूबाट आएका जवाफहरू टिप्न लगाउने ।<br>• ती कुराहरू कक्षामा प्रतिवेदनको रूपमा प्रस्तुत गर्न लगाउने । | भिडियो क्लिप्स, फोटोहरू | गलैंचा कसरी तयार गरिन्छ ? | ३ |
| खेती | च्याउ खेतीको परिचय दिई यसका फाइदाहरू बताउन । | च्याउ खेतीको परिचय<br>च्याउ खेतीका फाइदाहरू | • च्याउ एक प्रकारको खान योग्य ढुसी हो । शाकाहारी मानिसले मासुको स्थानमा च्याउलाई राख्ने गर्दछ । मासुबाट पाउने अत्यधिक एमिनो एसिडलगायतका पौष्टिक तत्त्व च्याउबाट उपलब्ध हुन्छ। कन्ये च्याउ, गोब्रे च्याउ, सिताके च्याउ, गानोडर्मा च्याउ अहिले कृषकहरूले गरिरहेका विभिन्न जातका च्याउ हुन् भन्ने बताई शिक्षकले च्याउको बारे छोटो परिचय दिने ।<br>• नेपालमा च्याउको माग धेरै भए पनि सो अनुसारको उत्पादन हुन नसकेको कुरा बताई च्याउका फाइदाहरू बताउने ।<br>• सम्भव भए च्याउ खेती गरेको ठाउँमा लगी च्याउको बारे प्रतिवेदन तयार गर्न लगाउने । | च्याउ खेतीको तस्वीर तथा visual file | च्याउ खेती भनेको के हो ? | २ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | • पुष्प खेतीको परिचय दिई यसका फाइदाहरू बताउन ।<br>• मू:स्वं (फूल) खेती गर्ने तरिका बताउन ।<br>• धनिचा स्वं (पुष्प) खेती गर्ने तरिका बताउन । | • पुष्प खेतीको परिचय तथा फाइदाहरू<br>• मू:स्वं तथा धनिचा स्वं खेती गर्ने तरिका | • पुष्प खेती भन्नाले फूलहरू उत्पादन गरी बिक्रीवितरण गर्नु भन्ने बुझिन्छ। फूलहरूको माग विवाह, भोज, होटेल, चाडवाड लगायतका कामकाजको लागि आवश्यक हुन्छ । मौसमी र बेमौसमी दुवै तरिकाबाट पुष्प खेती गर्न सकिने र आम्दानी गर्ने राम्रो सम्भाव्यता बोकेको यो व्यवसायप्रति मानिसहरूको आकर्षण बढ्दै छ आदि भनी पुष्प खेतीको छोटो परिचय दिने ।<br>• यसका फाइदाहरू बारे छलफल गर्ने ।<br>• मू:स्वं तथा धनिचा स्वं बारे विद्यार्थीहरूलाई थाहा भएको कुरा भन्न लगाउने ।<br>• घरमा थाहा भएका व्यक्तिसँग बुझेर आउन भन्ने ।<br>• सम्भव भए मू:स्वं र धनिचा स्वं खेती गरेको ठाउँमा लगी खेती गर्ने तरिकाबारे सोधखोज गर्न लगाउने । | • पुष्प खेती, मू:स्वं,तथा धनिचा स्वंको लेख तथा फोटोहरू<br>• भिडियो क्लिप्स् | • पुष्प खेतीको परिचय दिनुहोस् । | २ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| खाद्य भण्डार | • बढी भएको खानेकुराहरू पछिको लागि सुरक्षित राख्ने स्थानीय प्रविधिहरूको परिचय दिन | • तुकंमः, मल्तामः, सकिमुटुचा, सकिडाचा,लैंचाना, स्वकंचा, गुन्चा आदि । | • नेवारी समाजमा परम्परादेखि आफूले खाएर बढी भएका खानेकुरारू पछिको लागि सुरक्षित राख्ने चलन रहिआएको कुरा बताउँदै यसका प्रविधिहरूको बारे छोटो परिचय दिने ।<br>• विद्यार्थीहरूसँग के के खानेकुराहरू पछिको लागि सुरक्षित राखिन्छ भनी प्रश्न गर्ने ।<br>• विद्यार्थीहरूले बताउन नसके ती खानेकुराहरूमा तुकंमः, मल्तामः, सकिमुटुचा, लैंचाना, स्वकंचा, गन्चा आदि खानेकुराको नाम बताउने ।<br>• ती खानेकुराहरू कसरी सुरक्षित राखिन्छ ? भन्नेबारे कसैको घरमा भए सोधेर आउन भन्ने र स्थानीय प्रविधिहरूको छलफल गर्ने ।<br>• तुकंमः, मल्तामः, सकिमुटुचा, लैंचाना, स्वकंचा गुन्चा कसैको घरमा भए नमुनाको लागि लिएर आउन भन्ने र सबैलाई देखाउने । | • तुकंमः, मल्तामः, सकिमुटुचा, लैंचाना, स्वकंचा, गुन्चा को वास्तविक वस्तु वा फोटो | • खुर्सानीलाई पछिको लागि कसरी सुरक्षित राखिन्छ ? | २ |
| सहकारी संस्था | • सहकारी संस्थाको परिचय दिन ।<br>• सहकारी संस्थाको काम तथा फाइदाहरू बताउन । | • सहकारी संस्थाको परिचय, काम र फाइदाहरू । | • सहकार्य भन्नाले आपसमा मिलेर गरिने कामलाई जनाउँछ । 'एकका लागि सबै र सबैका लागि एक' भन्ने सिद्धान्तबाट प्रेरित भई व्यक्ति, परिवार, समाज, र समग्र राष्ट्रको आर्थिक हित तथा सामाजिक समुन्नतिको लागि गरिने एकताबद्ध प्रयास नै सहकारी हो । सहकारीको माध्यमबाट आर्थिक असमानतालाई हटाई आत्मनिर्भरता प्राप्त गर्न सकिन्छ भनी सहकारीको छोटो परिचय दिने ।<br>• भक्तपुरमा भएका सहकारी संस्थाहरूको नाम तथा उनीहरूले समाजको लागि गरिरहेको कामका बारे छलफल गर्ने ।<br>• यसका फाइदाहरू बारे शिक्षकले छोटकरीमा बयान गर्ने । | • सहकारी सम्बन्धी विभिन्न लेखरचनाहरू | • सहकारी भनेको के हो ? | २ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| छ्वाली कला | • छ्वालीबाट विभिन्न चित्रहरू बनाउन । | • छ्वालीबाट बनाइने सामग्रीहरू | • छ्वालीबाट विभिन्न चित्रहरू बनाएको क-कसले देख्नुभएको छ ? भनी कक्षामा सबैलाई प्रश्न गर्ने ।<br>• छ्वालीबाट विभिन्न चित्रहरू बनाउने प्रक्रियाबारे कक्षामा छलफल गर्ने ।<br>• घरमा तथा छिमेकमा कसैलाई कपडाको पुतली बनाउन आउँछ भने सिकेर आउन प्रेरित गर्ने ।<br>• छ्वालीबाट विभिन्न चित्रहरू बनाउने स्थानमा लगेर वा छ्वालीबाट विभिन्न चित्रहरू बनाउन आउने व्यक्तिलाई कक्षामा बोलाएर छ्वालीबाट विभिन्न चित्रहरू निर्माण गर्ने प्रक्रिया बताउने ।<br>• प्रत्येक विद्यार्थीलाई छ्वालीबाट विभिन्न चित्रहरू बनाउन लगाई उनीहरूले बनाएका पुतलीहरू प्रदर्शन गर्ने । | • छ्वालीबाट बनाइएका विभिन्न चित्रहरू तथा भिडियो क्लिप्स् । | • अवलोकन | ३ |
| शुभकामना कार्ड | • शुभकामना कार्ड बनाउन । | शुभकामना कार्ड निर्माण | • विद्यार्थीहरूलाई विभिन्न शुभकामना कार्ड देखाउँदै शुभकामना भनेको आफ्नो मनपर्ने व्यक्तिहरू जस्तै : आमा, बुबा, दाइ दिदी, गुरू,साथीलाई राम्रो हित चिताउन दिइने सन्देशको रूपमा बयान गर्ने ।<br>• बजारिया शुभकामना कार्डभन्दा आफैले बनाएको मौलिक कार्ड महत्त्वपूर्ण हुने कुरा पनि बताउने ।<br>• यस्तो कार्ड जन्मदिन, महत्त्वपूर्ण चाडपर्व, उत्सव,खुशीयाली आदिमा दिन सकिने कुरा बनाउने ।<br>• इन्टरनेटको सहायताले शुभकामना कार्ड कसरी आकर्षक बनाउन सकिन्छ ? भन्ने बारे देखाउने र विद्यार्थीहरूलाई बनाउन दिने ।<br>• विद्यार्थीले बनाएका कार्डहरू सबैले देखिने ठाउँमा प्रदर्शन गर्ने । | शुभकामना कार्डहरू र visual footage हरू | प्रस्तुतीकरण तथा निर्माण गरेको सामग्रीको आधारमा मूल्याङ्कन गर्ने | २ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| नेवारी खाद्य परिकार | • नेवारी खाजा सम्हेबजीको परिचय दिन । | सम्हेबजीको परिचय | • नेवार समुदायको विशिष्ट खाद्य परिकारको रूपमा सम्हेबजीलाई लिइन्छ। अभिष्ट पूजाआजा, जयबलि आदिका अवसरमा नेवारहरू सम्हेबजी परिकार तयार गर्छन् । सम्हेबजी परिकारहरूमा चतामरी, तिकिनबजी, कालो भटमास, लसुन, अदुवा, बोडी, अण्डा, माछा, छुयाला,बारा, साग, अचार, आलु, ऐला आदि पर्दछन् भनी सम्हेबजीको छोटो परिचय शिक्षकले बताइदिने ।<br>• सम्हेबजी ककसले खानुभएको छ ? भनी कक्षामा विद्यार्थीहरूलाई सोध्ने ।<br>• सम्हेबजीमा माथि भनिएका परिकारहरू छन् कि छैनन् भनी प्रश्न गर्ने ।<br>• सम्भव भए सम्हेबजी परिकार विद्यालयमा बनाएर सबैले बाँडी खाने व्यवस्था मिलाउने । | सम्हेबजीको लेख रचनाहरू भिडियो क्लिप्स् | सम्हेबजी भनेको के हो ? | ३ |
| | • सतुंग्वारा, साख्ला तथा तिलको लड्डू बनाउन | सतुंग्वारा, साख्ला तथा तिलको लड्डू बनाउन आवश्यक सामग्रीहरू | • सतुंग्वारा, साख्ला तथा तिलको लड्डू देखाउँदै यो के हो ? यो कसरी बनाइन्छ? यसका फाइदाहरू के के छन् ? चकलेटभन्दा सतुंग्वारा, साख्ला तथा तिलको लड्डू किन फाइदा छन् ? जस्ता प्रश्न गरी छलफल गर्ने ।<br>• सतुंग्वारा, साख्ला तथा तिलको लड्डू बनाउन आवश्यक सामग्रीहरू (चाकु, दूध, घिउ, भाँडाकुँडा,तील, ग्याँस) जम्मा गरी बनाउने प्रक्रियाबारे जानकारी दिने ।<br>• सबैलाई सतुंग्वारा, साख्ला तथा तीलको लड्डू बनाउन दिने । | सतुंग्वारा, साख्ला तथा तिलको लड्डू बनाउन चाहिने सामग्रीहरू तथा भिडियो क्लिप्स् । | सतुंग्वारा, साख्ला तथा तिलको लड्डू बनाउने प्रयोगात्मक कक्षामा सहभागिता | |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विषय विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| ९. स्थानीय स्वास्थ्य प्रवर्द्धन विधि | • विभिन्न अवस्थामा प्रयोग हुन कुनै पाँच जडीबुटीहरूको सूची तयार गर्न<br>• प्राकृतिक र आयुर्वेदिक उपचार विधिबारे बताउन गर्न ।<br>• ध्यान र योगको जानकारी पाउन र यसको प्रयोग गर्न । | • विभिन्न अवस्थामा प्रयोग हुन स्थानीय जडीबुटीहरू जस्तै, जाइफल, कपुर, चन्दन, केशरी, असुरो, दुबो, श्रीखण्ड, बकाइनोको फल, आदि<br>• प्राकृतिक र आयुर्वेदिक उपचार विधि<br>• ध्यान र योगको ज्ञान र प्रयोग | • तपाइँको दैनिक वा कहिलेकाहीँ विभिन्न अवस्थामा प्रयोग हुन स्थानीय जडीबुटीहरू के के छन् ? भनी प्रश्न सोध्ने ।<br>• उनीहरूबाट आएका उत्तरहरू सेतोपाटीमा टिप्ने र तिनीहरूमध्ये प्रयोगको आधारमा छुट्याउने र सकेसम्म तिनीहरूको औषधीको गुण बताउने<br>• तीबाहेक जाइफल, कपुर, चन्दन, केशरी, असुरो, दुबो, श्रीखण्ड, बकाइनोको फल आदिको प्रयोग हुने अवस्था र उपयोग बताउने ।<br>• नामअनुसारको जडीबुटीहरू पहिचान गर्न लगाउने<br>• कुन जडीबुटीले के काम गर्न चित्रको सहयोग लिई बताउने ।<br>• जडीबुटीहरूबारे घरमा पनि छलफल गर्न लगाउने र नाम टिपेर कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>• विभिन्न उपचार विधिहरूबारेमा छलफल गर्ने जस्तै, आलोपाथिक, होमियोपाथिक, प्राकृतिक, आयुर्वेदिक आदि ।<br>• यस प्रकारका उपचार विधिहरूमध्ये प्राकृतिक र आयुर्वेदिकबारेमा जानकारी गराउने ।<br>• हामीले प्रयोग गरी आएको प्राकृतिक र आयुर्वेदिक उपचार विधिमध्ये एक दुई ओटा बताइदिने ।<br>• त्यसको लागि घरमा अभिभावकसँग तथा जानकारसँग सोधेर आई कक्षामा प्रस्तुत गराउन लगाउने । | बास्तविक जडीबुटीहरू वा चित्रहरू | • जडीबुटीहरूको एल्बम बनाउनुहोस् ।<br>• विशेष अवस्थामा प्रयोग हुने कुनै पाँच पाँच ओटा जडीबुटीहरूको नाम लेख्नुहोस् ।<br>• ज्वरो आउँदा घरमा नै गरिने उपचार विधि उल्लेख गर्नुहोस् । | ६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १०. स्थानीय खेल | स्थानीय खेलहरू खेल्न । | बालगीतसहितका खेलहरू<br>• खुत्याँ कासा<br>• स्वकुँधु कासा (तीनकुने बाघ चाल) | • सर्वप्रथम विद्यार्थीहरूलाई स्थानीय पुराना खेलहरूबारेमा छलफल गर्ने<br>• खेल खेलाउनु अघि खेल खेल्ने नियम राम्ररी बुझाउने ।<br>• चउरमा लगि विद्यार्थीहरूलाई समूहमा छुट्याई खुत्याँ कासा (तीन खुट्टे दौड) खेलाउने ।<br>• चुनले लाम्चो आकारका कोठाहरू बनाई प्रत्येक दुईजनाको एउटा एउटा खुट्टालाई बाधेर तीन खुट्टे बनाई ती कोठामा राखी दौडाउने ।<br>• जुन समूहले कम समयमा निर्धारित दूरी पार गर्छ उक्त समूहको जित हुन्छ ।<br>• स्वकुधु कासा खेलाउन विद्यार्थीहरूलाई यो खेल खेल्ने नियम बताउने ।<br>• यस खेलमा एउटा बाघ र ३ ओटा बाखाका गोटीहरू हुन्छन् ।<br>• एउटा बोर्डमा वा चउरमा स्वकुँधु कासाको चित्र बनाई एक जना विद्यार्थीलाई बाघको गोटी चाल्न दिने र अर्को एक जनालाई बाखाको गोटी चाल्न दिने ।<br>• यदि बाघले सबै बाखा खायो भने बाघ पक्षको जित हुन्छ तर बाखाले बाघलाई थुन्न सकेमा बाखाको जित हुन्छ ।<br>• खेललाई बढी उद्देश्यमूलक र मनोरञ्जनात्मक बनाउन प्रयास गर्ने<br>• घरमा आफ्नो अभिभावकसँग पुराना खेल के के छन् र कसरी खेल्न सकिन्छ ? सोधेर आउन भन्ने ।<br>• खेललाई बढी उद्देश्यमूलक र मनोरञ्जनात्मक बनाउन प्रयास गर्ने<br>• विद्यार्थीहरूले क -कस्ले राम्रो खेले/नखेलेको रेकर्ड राख्ने । | आवश्यक सामग्रीहरू गोटीहरू, खेलका नियम | अवलोकन | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११. स्थानीय पर्यटन | • पर्यटकहरू घुम्न आउनाका कारणहरू बताउन ।<br>• शहरी संस्कृतिको बयान गर्न ।<br>• पर्यटकसँग आर्थिक, सामाजिक तथा सांस्कृतिक सम्बन्ध देखाउन । | • पर्यटकहरू घुम्न आउनाका कारणहरू कला सम्पदा, संस्कृति, संस्कार हेर्न, मनोरन्जन गर्न, प्राकृतिकदृश्यावलोकन गर्न, नयाँ ठाउँको जानकारी लिन, अध्ययन अनुसन्धान गर्न आदि<br>• शहरी संस्कृतिमा परम्परागत शहर तथा आधुनिक शहर<br>• पर्यटक र आर्थिक सम्बन्धमा पर्यटक शुल्क पर्यटन उद्योग तथा स्थानीय उत्पादनहरू जस्तै, भदगाउँले टोपी, जु जु धौ, हस्तकलाहरू, मकुण्डो, उपहारका सामग्रीहरू आदि<br>• पर्यटक र सामाजिक सम्बन्ध<br>• पर्यटक र सांस्कृतिक सम्बन्ध | • पर्यटकको बारेमा विद्यार्थीहरू बीचमा छलफल गरी ख्वपको कुनै ठाउँमा लगी विभिन्न देशका पर्यटकहरू घुम्न आएको देखाउने ।<br>• विद्यार्थीहरू कुनै ठाउँमा घुम्न गएको बारेमा सोधेर उनीहरू कहाँ र किन घुम्न गएको भन्नेबारेमा छलफल गर्ने ।<br>• पर्यटकहरू ख्वपमा किन घुम्न आउँछन् विद्यार्थीहरूबाट जवाफ लिई सेतोपाटीमा लेख्दै त्यसबारेमा छलफल गर्ने ।<br>• विद्यार्थीहरूबाट नआएका थप कारणहरू शिक्षकले लेखेर प्रस्तुत गरिदिने ।<br>• शहरी संस्कृतिबारे जानकारी दिई परम्परागत र आधुनिक शहर बीचको फरक बताउने ।<br>• ख्वप शहर पुरानो एवं परम्परागत शहर भएको बताई यसको विषेशताबारे छलफल गर्ने ।<br>• पर्यटक र आर्थिक विकास बीचको सम्बन्धबारे छलफल गरी आर्थिक क्रियाकलापहरू बताउने जस्तै, पर्यटक शुल्क र यसको प्रयोग, पर्यटन उद्योग तथा स्थानीय उत्पादनहरू जस्तै, भदगाउँले टोपी, जु जु धौ, हस्तकलाहरू मकुण्डो, उपहारका सामग्रीहरू आदि<br>• पर्यटकले समाजमा पारेको सकारात्मक र नकारात्मक असरबारे विद्यार्थीहरूलाई प्रस्तुत गर्न लगाई नपुग शिक्षकले थपिदिने ।<br>• सांस्कृतिक कला र सम्पदा संरक्षणको लागि पर्यटनको भूमिकाबारे प्रस्तुत गरिदिने ।<br>• पर्यटकसँग सम्बन्धित विभिन्न भिडियो क्लिप्सहरू देखाई छलफल गराउने । | • पर्यटकीय स्थानहरूको फोटोहरू<br>• पर्यटकहरूको लागि स्थानीय उत्पादनहरूको फोटोहरू<br>• भिडियो क्लिप्स | • भक्तपुरका कुनै पाँच ओटा पर्यटकीय स्थानहरू भन्नुहोस् ।<br>• परम्परागत र आधुनिक शहर बीच फरक बताउनुहोस् ।<br>• पर्यटक र सामाजिक अवस्था बीचको सम्बन्ध बताउनुहोस् । | ८ |

# निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी अभिलेख प्रक्रिया

निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रियाका मुख्य उद्देश्य पठनउद्देश्यसँगै विद्यार्थीहरुको सिकाईको स्तर पत्ता लगाई कम सिकेका विद्यार्थीहरुका लागि सुधारात्मक शिक्षण वा व्यक्तिगत रुपमा विशेष ध्यान दिई सिक्न प्रोत्साहन गर्नु हो । यस मूल्याङ्कन प्रक्रियामा निम्नानुसार विद्यार्थीहरुका प्रगति अभिलेख राख्नुपर्नेछ :

१. उद्देश्यगत आधारमा विद्यार्थीलाई कक्षामा सिकेको कुरालाई अनुसूची १ अनुसारको फाराममा तोकिएका मापदण्डका आधारमा एकदेखि तीन ओटासम्म रेजा (✓) चिह्न लगाउने ।

२. अतिउत्तम सिकेकालाई तीनओटा रेजा (✓✓✓), उत्तम सिकेकालाई दुईओटा रेजा (✓✓) र सामान्य सिकेकालाई एउटा रेजा (✓) दिने ।

३. प्रत्येक उद्देश्यमा रेजा दिनका लागि निम्न लिखित मापदण्डलाई आधार मान्नेः

| क्र.सं. | मापदण्ड | अतिउत्तम | उत्तम | सामान्य |
|---|---|---|---|---|
| १ | कक्षा कार्य (कक्षा सहभागिता) | ✓✓✓ | ✓✓ | ✓ |
| २ | परियाजना कार्य | ✓✓✓ | ✓✓ | ✓ |
| ३ | व्यवहार परिवर्तन | ✓✓✓ | ✓✓ | ✓ |
| ४ | सिर्जनात्मक कार्य | ✓✓✓ | ✓✓ | ✓ |
| ५ | हाजिरी | ✓✓✓ | ✓✓ | ✓ |

४. उद्देश्यगत आधारमा रेजा दिइसकेपछि हरेक त्रैमासिकमा रेजाका आधारमा विद्यार्थीहरुलाई निम्नलिखित तरिकाले क, ख, ग, श्रेणीमा छुट्याउनेः

| | |
|---|---|
| ७० प्रतिशतदेखि १०० प्रतिशतसम्म | क श्रेणी |
| ४० प्रतिशतदेखि ७० प्रतिशतसम्म | ख श्रेणी |
| ४० प्रतिशतभन्दा तल | ग श्रेणी |

५. उद्देश्यगत रेजाहरुको प्रतिशत निकाल्ने तरिकाः

$$\text{सूत्र : रेजा प्रतिशत} = \frac{\text{विद्यार्थीले पाएका जम्मा रेजा संख्या}}{\text{जम्मा पढाइ भएको उद्देश्य संख्या} \times १५} \times १००$$

उदाहरणः (क) कुनै एक विषयमा प्रथम त्रैमासिकसम्म पढाइ भइसकेका उद्देश्य संख्या . ६
कुनै एउटा विद्यार्थीले उक्त विषयमा प्राप्त गरेको रेजा संख्या . ६०

सूत्र अनुसार हिसाब गर्दा

$$\text{रेजा प्रतिशत} = \frac{६०}{६ \times १५} \times १००$$

उक्त विद्यार्थीको रेजा प्रतिशत ६६.६६
त्यसकारण उक्त विद्यार्थीको श्रेणी ख भयो ।

द्रष्टव्य माथिको प्रक्रियाबाट ख र ग श्रेणी पनि निकाल्न सकिने ।

६. उद्देश्यगतरुपमा सिकेका कुरा मूल्याङ्कन गर्दा उद्देश्यक्रमले निर्दिष्ट गरेका सिकाइउपलब्धिहरु पूरा भए नभएको हेर्नुपर्ने छ ।

७. निरन्तर विद्यार्थी मूल्याङ्कन फाराम नं. २ (अनुसूची २)मा उद्देश्यगत निरन्तर विद्यार्थी मूल्याङ्कनको रेजालाई बुँदा नं. ४ अनुसार क, ख, ग श्रेणीमा र लिखित तथा मौखिक उपलब्धि मापनको अङ्कसाथ राख्ने व्यवस्था गर्नुपर्नेछ ।

८. अनुसूची १ र २ अनुसारको सिकाइ अभिलेख फाराम विद्यालय आफैले तयार गर्नुपर्नेछ ।

# निरन्तर विद्यार्थी मूल्याङ्कन अभिलेख फाराम

(मूल्याङ्कन मापदण्डका आधारमा रेजा लगाउने)

कक्षा ........................ विषयः .................................... शैक्षिक सत्र ............................

| क्र.सं. | विद्यार्थीको नाम | उद्देश्य... | उद्देश्य... | उद्देश्य... | उद्देश्य... | उद्देश्य... | उद्देश्य... | उद्देश्य... | उद्देश्य... | उद्देश्य... | उद्देश्य... |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

कक्षा शिक्षक ........................ रुजु गर्ने .................................... प्र.अ.को दस्तखत ............................

द्रष्टव्यः यस सिकाई अभिलेखका आधारमा विद्यार्थीको सिकाइ उपलब्धिका बारेमा उनीहरुका अभिभावकलाई समय समयमा जानकारी गराउनुपर्नेछ ।

# विद्यार्थी प्रगति विवरण


शैक्षिक सत्र..................

विद्यालयको नामः श्री ........................

विद्यार्थीको नामः .................................... कक्षाः ............................ रोल नं. .............................

| विषय | (निरन्तर विद्यार्थी मूल्याङ्कन श्रेणी क, ख, ग) | | | आवधिक उपलब्धिस्तर (लिखित तथा मौखिक परीक्षाको आधारमा अङ्क दिने । तर यो अङ्क कक्षा उत्तीर्णका लागि नभएर विद्यार्थीको प्रगति अभिलेख र प्रगति प्रतिवेदनका लागिमात्र हुनेछ ।) | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | वार्षिक परीक्षा | प्रथम त्रैमासिक | | दोस्रो त्रैमासिक | | वार्षिक परीक्षा | | |
| | | | | पूर्णाङ्क १० | प्राप्ताङ्क | पूर्णाङ्क ३० | प्राप्ताङ्क | पूर्णाङ्क ६० | प्राप्ताङ्क | |
| नेपाली | | | | | | | | | | |
| अङ्ग्रेजी | | | | | | | | | | |
| गणित | | | | | | | | | | |
| सामाजिक अध्ययन तथा सिर्जनात्मक कला | | | | | | | | | | |
| विज्ञान, स्वास्थ्य, र शारीरिक शिक्षा | | | | | | | | | | |
| स्थानीय विषय/मातृभाषा | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | |

कक्षा शिक्षक ........................ रुजु गर्ने .................................... प्र.अ.को दस्तखत ............................


Bhaktapur Municipality
N
10
9
8
7
6
5
4
3
2
1
भक्तपुर नगरपालिका
Legend
Municipality Boundary
Ward Boundary
Municipality Center
Bkt_bnd_polygon
0 237.5 475 950 1,425 1,900 Meters
Source:
Topographic Sheets, Survey Department 1999
Ministry of Federal Affairs and Local Development